सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल
माननीय न्यायाधीश डा. श्री नहकुल सुवेदी

आदेश

रिट नं. ०७९-WO-१५०७

विषय: उत्प्रेषणयुक्त परमादेशसमेत।

काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ४ बालुवाटार शिवुगल गल्ली सुवर्ण शम्शेर मार्गम अवस्थित गैर आवासीय नेपाली संघको तर्फबाट ऐजन संघका अख्तियारप्राप्त कार्यकारी निर्देशक काठमाडौं महानगरपालिका वडा नं. ७ बस्ने राजेश शम्शेर राणा......................................................१ निवेदक

विरुद्ध

परराष्ट्र मन्त्रालय सिंहदरबार काठमाडौं..........................................१ विपक्षी

ऐ.मन्त्रालयका माननीय मन्त्रीज्यू..........................................................१

काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ४ बालुवाटार शिवुगल गल्ली सुवर्ण शम्शेर मार्गमा अवस्थित गैर आवासीय नेपाली संघ (ललिता निवास, राष्ट्रिय सभाका सम्माननीय अध्यक्षको सरकारी निवासको अपोजिटको भवन।...........................................................................................१

ऐ.ऐ. स्थित ऐ.ऐ. संघको विधान संशोधन प्रस्तावको अध्यक्ष मण्डलको संयोजक डा. उपेन्द्र महतो..........................................................................१

ऐ.ऐ. स्थित ऐ.ऐ. संघको ८१ औं बैठकले गठन गरेको उच्चस्तरीय समितिको संयोजक डा. शेष घले...............................................................................१

ऐ.ऐ. स्थित ऐ.ऐ. संघको निवर्तमान अध्यक्ष कुमारप्रसाद पन्त.......................१

ऐ.ऐ. स्थित ऐ.ऐ. संघको वर्तमान कार्यकारी अध्यक्ष रविना थापा....................१

ऐ.ऐ. स्थित ऐ.ऐ. संघको बर्तमान अर्को अध्यक्ष डा.बद्री के.सी....................१

ऐ.ऐ. स्थित ऐ.ऐ. संघको बिधान समितिका संयोजक डा. हेमराज शर्मा..........१

नेपालको संविधानको धारा ४६ तथा १३३(२)(३) बमोजिम यस अदालतको असाधारण अधिकार क्षेत्र अन्तर्गत निवेदनपत्र दायर हुन आएको प्रस्तुत रिटको संक्षिप्त तथ्य एवम यस अदालतको ठहर आदेश यसप्रकार रहेको छः-

## तथ्य खण्ड

रिट निवेदनको व्यहोराः

१. गैर आवासीय नेपाली संघ अनौपचारिक रुपमा वि.स. २०६० मा गठन भए पनि गैर आवासीय नेपाली सम्वन्धी ऐन, २०६४ तथा गैर आवासीय नेपाली सम्बन्धी नियमावली, २०६६ जारी भएपछि ऐ. ऐन र नियमावली बमोजिम औपचारिक रुपमा विपक्षी परराष्ट्र मन्त्रालयमा मिति २०७०।०७।०४ मा दर्ता भएको चीरस्थायी कानुनी संस्था हो। मन्त्रालयमा संघ दर्ता गर्दा मन्त्रालयले गैर आबासीय नेपाली संघको बिधान, २००३ समेत प्रमाणित गरेको छ। संघको विधान समयानुकूल संशोधन हुँदै बिधिबत् रुपमा मिति २०७७।१२।२० मा संशोधन भएको छ भने वैधानिक प्रकृयाको उपेक्षा गरी मिति २०७८।१२।१३ र २०७९।११।१२ मा समेत विधान संशोधन प्रमाणीकरण भएको रहेछ। बिपक्षीहरुले मिति २०७८।१२।१३ र मिति २०७९।११।१२ मा गरिएको अवैधानिक संशोधनको निर्णय एवं प्रकृयाका विषयमा हामी निवेदकलाई जानकारी छैन र हाम्रो संलग्नता समेत रहे भएको छैन।

२. संघको सांगठनिक व्यवस्थापन प्रचलित ऐन, नियमावली, बिधान एवं मन्त्रालयलले समय समयमा जारी गर्ने निर्देशन बमोजिम संचालन हुने गरेको छ र मन्त्रालयले दिएको निर्देशनको पालना गर्नु संघको कर्तव्य हुने व्यवस्था नियमावलीको नियम १६(३) मा उल्लेख छ। संघको सर्वोच्च निकाय अन्तर्राष्ट्रिय महाधिवेशन तथा साधारण सभा हो भने कार्यकारी निकाय अन्तर्राष्ट्रिय समन्वय परिषद् हो। वार्षिक साधारण सभा प्रत्येक वर्ष हुन्छ भने अन्तर्राष्ट्रिय महाधिवेशन प्रत्येक २ वर्षमा एक पटक गर्नु पर्ने बिधानमा व्यवस्था रहेको छ। विधानको दफा १५ मा अन्तर्राष्ट्रिय समन्वय परिषद्को दुई तिहाई भन्दा बढीको सहमतिमा वा वार्षिक साधारणसभाको निर्देशनमा विशेष साधारणसभा बोलाउन सकिने व्यवस्था रहेको छ।

३. संघको अन्तर्राष्ट्रिय महाधिवेशन हुने वा गर्नु पर्ने सालमा संघको वार्षिक साधारण सभा पनि सोही महाधिवेशनमा नै गरिने व्यवस्था पनि संघको विधानमा रहेको छ। संघको अन्तर्राष्ट्रिय महाधिवेशनको समय, स्थान र छलफलको विषयसूची अन्तर्राष्ट्रिय समन्वय परिषद्ले निर्धारण गर्दछ। तोकिएको अन्तर्राष्ट्रिय महाधिवेशनको मिति अन्तर्राष्ट्रिय समन्वय परिषद्ले ६ महिना सम्मको लागि कुनै कारणले पछि सार्न वा स्थगन गर्न सक्दछ। अन्तर्राष्ट्रिय समन्वय परिषद् निष्क्रीय रहन गएमा वा अत्यन्तै विवादित भई संस्था विभाजित हुने अवस्थाको सृजना भएमा संरक्षक परिषद्ले अन्तर्राष्ट्रिय समन्वय परिषद्लाई बैठक बस्न निर्देशन दिने र बैठक बस्न नसके वा निर्देशनको पालना नभए सम्पूर्ण राष्ट्रिय समन्वय परिषद्को अध्यक्षहरुको भेला आयोजना गर्ने र संस्थाको संरक्षण गर्ने अख्तियारी विधानको दफा १६.१.४ मा उल्लेख रहेको छ।

४. संघको १० औं अन्तर्राष्ट्रिय महाधिवेशन र वार्षिक साधारण सभा २०२१ को अक्टोबर २३ देखि २५ सम्म गर्ने भन्ने मिति तय भएको थियो। उक्त महाधिवेशन र वार्षिक साधारण सभा गर्न विधान बमोजिम तोकिएको समय भित्र महाधिवेशन प्रतिनिधि मनोनयन गरी पठाउनु पर्नेमा विधान एवं संघको अभ्यास विपरीत तोकिएको मिति पश्चात अयोग्य व्यक्तिहरुलाई महाधिवेशन प्रतिनिधि पठाए पश्चात संघमा विभिन्न विवाद उत्पन्न भई तोकिएको मितिमा महाधिवेशन हुन सकेन। सो उप्रान्त संघका पदाधिकारी एवं सम्बद्ध व्यक्तिहरु विभिन्न गुटमा सहभागी भए र संघमा गम्भीर समस्या देखा प-यो। अन्ततः उक्त विवाद समाधान गर्न मन्त्रालय गुहार्नु पऱ्यो। विभिन्न देशहरुमा भएको राष्ट्रिय समन्वय परिषद्हरुको महाधिवेशनमा भएको निर्वाचन आचार संहिता विपरीतका कार्यहरुको यथार्थ विवरण पेश गर्न एवं आगामि दिनहरुमा त्यस्तो घटना हुन नदिन र १० औं महाधिवेशनका पदाधिकारीहरुको निर्वाचन स्वच्छ, धाँधलिरहित, निष्पक्ष र विश्वसनीय बनाउन संघले के कस्तो व्यवस्था गरेको छ? सो बारेमा समेत विस्तृत जानकारी पत्र चलान भएको मितिले ५ दिन भित्र दिनु हुन भनी परराष्ट्र मन्त्रालयले मिति २०७८।०५।१७ मा संघको अन्तर्राष्ट्रिय समन्वय परिषद्लाई दिएको थियो।

५. उक्त पत्रानुसार संघको तत्कालीन कार्य समितिले कुनै काम कार्य नगरे नगराए पश्चात हामी निवेदक समेतले मिति २०७८।०५।२४ मा नियमावलीको नियम १६(२) बमोजिम निर्देशन जारी गरी पाउँ भनी दर्ता नं. ३१२२ बाट निवेदन दर्ता गराई सो निवेदन उपर मन्त्रालयले कारवाही गरी पुनः मिति २०७८।०५।२५ मा च.नं. १४१४ को पत्र मार्फत

अन्तर्राष्ट्रिय समन्वय परिषद् तथा राष्ट्रिय परिषद्को निर्वाचन सम्बन्धमा १० औं महाधिवेशनमा हुने अन्तर्राष्ट्रिय समन्वय परिषद्को निर्वाचन र सो भन्दा अगाडि भएका राष्ट्रिय समन्वय परिषद्का निर्वाचनहरुलाई स्वतन्त्र, निष्पक्ष, धाँधलीरहित र विश्वसनीय बनाउन आवश्यक रहेको र उत्सर्जित विवादहरुलाई निष्पक्ष निरोपण गर्न अनुगमन समिति गठन गरी उक्त समितिले प्रतिवेदन पेश नगरेसम्म अन्तर्राष्ट्रिय समन्वय परिषद् तथा राष्ट्रिय समन्वय परिषद्को निर्वाचन सम्बन्धी बाँकि प्रक्रिया स्थगन गर्न अन्तर्राष्ट्रिय समन्वय परिषद्लाई अनुरोधार्थ निर्देशन दिएको थियो।

त्यसरी परराष्ट्र मन्त्रालयको संयोजकत्वमा गठित समितिले प्रतिवेदन तयार गरेपछि मन्त्रालयले मिति २०७८।०६।२२ मा च.नं. २१५५ को पत्र मार्फत अन्तर्राष्ट्रिय समन्वय परिषद्लाई नियमावलीको नियम १६ को उपनियम २ बमोजिम संघको विधानको दफा १३(७)(ग) अन्तर्गत चयन हुने ६५ प्रतिशत प्रतिनिधि विधानको व्यवस्थानुसार विगतको प्रचलित अभ्यासानुसार प्रतिनिधि चयन गर्न, संघको विधानको दफा १४.१ को व्यवस्थालाई पूर्ण रुपमा पालना हुने व्यवस्था गर्न, विदेशस्थित शिक्षण संस्थामा अध्ययनरत व्यक्तिलाई पञ्जिकृत सदस्यता दिन नमिल्ने देखिएको व्यवस्था विपरीत त्यस्ता व्यक्तिले पञ्जिकृत सदस्यता लिएको देखिएमा त्यस्तो सदस्यता खारेज गरी त्यस्ता मतदाताबाट भएको राष्ट्रिय समन्वय परिषद्को निर्वाचन उपयुक्त प्रक्रियाबाट छानविन गरी पुनरावलोकन गर्ने व्यवस्था गर्न पुन: निर्देशन दिएको थियो।

६. यसरी परराष्ट्र मन्त्रालयबाट दिएको विभिन्न निर्देशनको कुनै प्रगति विवरण मन्त्रालयले प्राप्त नगरी विवाद थप बढ्दै गए पश्चात मिति २०७८।०८।०३ मा च.नं. ३२८५ को पत्रबाट तत्कालीन अन्तर्राष्ट्रिय समन्वय परिषद्को कार्यकाल अक्टोबर १८, २०२१ मा समाप्त भई सकेको हुँदा संस्थामा दुरगामी असर पर्ने कुनै पनि निर्णय नगर्नु नगराउनु, संघको विधानको दफा १३(७) को खण्ड (ग) बमोजिम चयन हुने ६५ प्रतिशत प्रतिनिधि विगतको प्रचलित अभ्यास अनुसार वर्तमान राष्ट्रिय समन्वय परिषद्ले सिफारिस गरी पठाएका महाधिवेशन प्रतिनिधिलाई मान्यता दिने र हाल संघमा देखिएका बिवादहरुको समाधान गरी सन् २०२१ भित्र संघको १० औं अन्तर्राष्ट्रिय महाधिवेशन सम्पन्न गर्ने कार्य विधानको धारा १६ बमोजिम गठित संरक्षक परिषद् मार्फत मात्र गर्नु गराउनु भनी संघको संरक्षक परिषद्को प्रमुख संरक्षकलाई विधानको धारा १६.१.४ बमोजिमको अधिकारको प्रयोग गर्दै संघमा देखिएको विवादको समाधान गरी संस्थाको संरक्षण गर्नु हुन भनी बोधार्थ तथा कार्यार्थ

निर्देशन दिए बमोजिम संघको अन्तर्राष्ट्रिय समन्वय परिषद्को मिति २०७८।१०।०१ को ८१ औं बैठकले संघको वर्तमान परिस्थितिलाई निकास दिने हेतुले मुख्यत: संघको १० औं महाधिवेशन तथा अन्तर्राष्ट्रिय महाधिवेशनको निर्वाचन सम्बन्धी सबै समस्याहरुको विधानसम्मत निष्पक्ष ढंगले समाधान गर्ने र २८ फेब्रुअरी २०२२ सम्ममा संघको १० औं महाधिवेशन तथा निष्पक्ष चुनाव सम्पन्न गर्न समितिले महाधिवेशन प्रतिनिधिहरुको अन्तिम नामावली संघको विधान र नियमावली अन्तर्गत रहेर २६ जनवरी २०२२ सम्म अन्तर्राष्ट्रिय समन्वय परिषद्का अध्यक्ष मार्फत निर्वाचन समितिलाई उपलब्ध गराउने कार्यादेशसहित डा.शेष घलेको संयोजकत्वमा डा. उपेन्द्र महतो, जिवा लामिछाने, देवमान हिराचन, भवन भट्ट, राम प्रताप थापा र कुमार पन्त सदस्य रहेको ६ सदस्यीय उच्चस्तरीय समिति गठन गरिएको थियो।

७. संघको ८१ औं बैठकको कार्यादेश बमोजिम उच्च स्तरीय समितिले आफ्नो कार्यादेशानुसार सबै पक्षलाई स्वीकार्य हुने गरी अन्तर्राष्ट्रिय महाधिवेशनको माहोल बनाउँदै सन् २०२२ मार्च २२ देखि २५ मा काठमाडौंको याक एण्ड यति होटलमा संघको १० औं अन्तर्राष्ट्रिय महाधिवेशन आव्हान गरेको थियो। सोही आव्हान मुताबिक महाधिवेशन र निर्वाचनको तयारी भई ३० वटा राष्ट्रिय समन्वय परिषद्का २०० जना पदाधिकारीहरु लगायतका विभिन्न व्यक्तित्वहरुसहित संघको तर्फबाट विपक्षी रहनु भएका महानुभाव समेतको उपस्थितिमा महाधिवेशन चलिरहेको अवस्थामा संघको तर्फबाट विपक्षी रहनु भएका केही महानुभाव एवं विपक्षी नरहनु भएका संघकै तत्कालीन एवं हालका पदाधिकारीले विपक्षी परराष्ट्र मन्त्रालयमा हामी निवेदकले उच्चस्तरीय समितिको कार्यक्रम अनुसार गरेको एकताको महाधिवेशन रोकी पाउन निवेदन पेश गरेतापनि परराष्ट्र मन्त्रालयले मिति २०७८।१२।०८ च.नं. ६४६० को पत्रबाट संघको १० औं महाधिवेशनलाई लिएर दुईवटा पक्षबाट छुट्टा छुट्टै कार्यक्रम तय गरी कार्यहरु गरिरहेको भन्ने बुझिन आएको हुँदा संघको गरिमा, एकता तथा उद्देश्यमा नकारात्मक प्रभाव पार्ने गतिविधि कसैबाट पनि हुन नहुने भनी परराष्ट्र मन्त्रालयको मिति २०७८।०८।०३ चलानी नं.३२८५ को पत्रानुसारको कार्य गर्नु भन्ने अभिप्रायले पत्र जारी गरी सोको बोधार्थ तथा कार्यार्थ संरक्षक परिषद्लाई साभार गरेको थियो।

८. मन्त्रालयको निर्देशन मुताबिक हामी निवेदकले उच्चस्तरीय समितिको कार्यादेश बमोजिम मिति सन् २०२२ मार्च २२ देखि २५ सम्म काठमाडौंको याक एण्ड यती होटलमा संघको

१० औं अन्तर्राष्ट्रिय महाधिवेशन उच्चस्तरीय समितिले निर्धारण गरेको महाधिवेशनको कार्यक्रम अनुसार निर्वाचन तालिका प्रकाशन भई अन्तिम चरणसम्म संघको तर्फबाट विपक्षी रहनु भएका केही महानुभाव एवं विपक्षी नरहनु भएका संघका तत्कालीन र हालका पदाधिकारीहरु समेतको उपस्थितिमा सम्पन्न गरी सो महाधिवेनबाट भएको निर्णय लगायतका वार्षिक रुपमा मन्त्रालयलाई पेश गर्नु पर्ने सम्पूर्ण दस्तावेज मिति २०७८।१२।१३ मा विधान स्वीकृति र प्रमाणीकरणको लागि तथा मिति २०७९।०५।०५मा महाधिवेशनको प्रतिवेदन मन्त्रालयमा पेश गरेका थियौं।

९. संघको तर्फबाट विपक्षी रहनु भएका केही महानुभाव एवं विपक्षी नरहनु भएका संघका तत्कालीन एवं हालका पदाधिकारीहरु समेतको उपस्थितिमा संघको १० औं अन्तर्राष्ट्रिय महाधिवेशन सम्पन्न गरे पश्चात संघको तर्फबाट विपक्षी रहनु भएका पदाधिकारीले (विपक्षी नं. ५ बाहेकको उपस्थितिमा) नियामक निकायबाट विभिन्न मितिमा दिएको निर्देशन विपरीत मिति सन् २०२२ मार्च २६ र २७ (चैत्र १२ र १३, २०७८) मा होटल हिमालय ललितपुरमा **महाधिवेशनमा प्रतिनिधि हुन अयोग्य र अवैधानिक व्यक्तिहरु समेतको उपस्थिति र मताधारमा संघको अवैधानिक १० औं महाधिवेशन सम्पन्न गरी संघको बार्षिक र आर्थिक प्रतिवेदन पारित गर्ने, लेखापरीक्षक नियुक्त गर्ने, संघको विधानको दफा १७.२ र १७.१० संशोधन गर्ने र अन्तर्राष्ट्रिय समन्वय परिषद्को पदाधिकारी चयन गर्ने र नियुक्त हुनु भएका अध्यक्षहरुको सपथ ग्रहण गर्ने लगायतका निर्णयहरु** गरेको रहेछ।

१०. संघको विधानको दफा २९ ले विधान संशोधन गर्ने प्रस्ताव पेश गर्न संघको महाधिवेशन, विशेष साधारण सभा वा साधारण सभाले कम्तिमा एक संयोजकसहित विधान संशोधन सुझाव समिति गठन गर्ने व्यवस्था गरेको छ। समितिको संयोजक संघका वर्तमान तथा पूर्व संरक्षक, सल्लाहाकार एवं पदाधिकारीहरु मध्येबाट हुनु पर्ने व्यवस्था गरेको छ। सोको अतिरिक्त समितिका सदस्यहरु संघका अन्तर्राष्ट्रिय समन्वय परिषद्का वर्तमान तथा पूर्व संरक्षक, सल्लाहाकार, पदाधिकारी, सदस्य एवं राष्ट्रिय समन्वय परिषद्का वर्तमान तथा पूर्व अध्यक्षहरु, कानूनविद्हरु मध्येबाट हुनु पर्ने व्यवस्था समेत गरेको छ। तथापि विपक्षी नं. ४ को नेतृत्वमा संघको विधान संशोधन गर्न विधानको ऐ. दफा विपरीत पूर्व अध्यक्षहरु डा.उपेन्द्र महतो, देवमान हिराचन, जीवा लामिछाने, डा. शेष घले र भवन भट्ट तथा पूर्व संरक्षक राम प्रताप थापा र अध्यक्ष कुमार प्रसाद पन्त सम्मिलित एक अध्यक्ष मण्डल गठन गरी संशोधन प्रस्ताव पेश गरी पारित गरेको रहेछ।

११. यसरी संघको तर्फबाट विपक्षी रहनु भएका पदाधिकारीले सम्पन्न गरेको अवैधानिक अधिवेशन र उक्त अधिवेशनले गरेको तत् विषयको निर्णय र सो निर्णयका आधारमा सो पश्चात गरेको विधान संशोधनको निर्णय एवं विपक्षीहरुको पत्राचारको आधारमा विपक्षी परराष्ट्र मन्त्रालयका तत्कालीन माननीय परराष्ट्र मन्त्रीज्यूको निर्देशनमा मिति २०७८।१२।१३ मा सह सचिवले टिप्पणी उठाई सचिवले निर्देशनानुसार निर्णयार्थ पेश गरी अशोभनीय तवरले एकै दिनमा विवादित विषयमा हामी निवेदकलाई बुझ्दै नबुझी संघको तर्फबाट विपक्षी रहनु भएका पदाधिकारीले मिति २०७८।१२।१३ गरेको विधान संशोधनलाई सोही मितिमा प्रमाणित गरिदिई सोही मितिमा संशोधित विधान बमोजिम अन्तर्राष्ट्रिय समन्वय परिषद् गठन गरी सो गठित परिषद् र विपक्षीहरुले गरेको अवैधानिक महाधिवेशनको निर्णयानुसार मिति २०७९।११।१२ मा शाखा अधिकृतले टिप्पणी उठाई सो टिप्पणीलाई सोझै सहसचिवले कानूनी रायको लागि पेश गरी सोही दिन कानून शाखाबाट कानूनी राय प्रेषित भई सचिवज्यूकोमा सहसचिवले निर्णयार्थ पेश गरी सचिवज्यूले माननीय मन्त्रीलाई पेश गरी शंकास्पद तवरले मिति २०७९।११।१२ मा नै मन्त्रीस्तरको निर्णय भएको छ।

१२. यसरी अवैधानिक रुपले गठन भएको परिषद्ले गरेको निर्णय बमोजिम विधान संशोधन लगायतका कार्यहरुलाई वैधानिकता दिने गरी भएका सम्पूर्ण निर्णय एवं पत्राचारहरुले हामी निवेदकहरुको संविधानको धारा १६ द्वारा प्रदत्त सम्मानपूर्वक बाँच्न पाउने हक, धारा १७ द्वारा प्रदत्त स्वतन्त्रताको हक, धारा १८ द्वारा प्रदत्त समानताको हक, धारा २५ द्वारा प्रदत्त सम्पत्तिको हक र धारा २७ द्वारा प्रदत्त सूचनाको मौलिक हकमा गम्भीर आघात पुगेको हुँदा **संघको वार्षिक र आर्थिक प्रतिवेदन पारित गर्ने, लेखापरीक्षक नियुक्त गर्ने, संघको विधानको दफा १७.२ र १७.१० संशोधन गर्ने, अन्तर्राष्ट्रिय समन्वय परिषद्को पदाधिकारी चयन गर्ने र नियुक्त हुनु भएका अध्यक्षहरुको सपथ ग्रहण गर्ने, विपक्षीहरुले गरेको अवैधानिक महाधिवेशनको निर्णयाधारमा सो पश्चात संघको विधान संशोधन गर्ने निर्णय एवं संशोधित विधान समेतका** निर्णय, सोको आधारमा सो पश्चात भए गरेका विधान संशोधनको निर्णय, पत्राचार, कार्यहरु तथा विपक्षी परराष्ट्र मन्त्रालयबाट मिति २०७८।१२।१३ र मति २०७९।११।१२ मा भएका मन्त्रीस्तरका निर्णय र सो निर्णयानुसार मिति २०७९।११।१४ मा प्रमाणित गरेको संशोधित विधान उत्प्रेषणको आदेशले बदर गरी विपक्षी परराष्ट्र मन्त्रालयको निर्देशान अनुसार संघको ८१ औं बैठकको कार्यादेश बमोजिम

सन् २०२२ मार्च २२ देखि २५ मा काठमाडौंको याक एण्ड यती होटलमा सम्पन्न भएको संघको १० औं महाधिवेशन एवं उक्त महाधिवेशनले गरेको निर्णयलाई आधिकारिकता एवं मान्यता दिनु दिलाउनु भनी विपक्षी परराष्ट्र मन्त्रालयको नाउँमा परमादेश समेत जारी गरी पाउँ।

१३. साथै संघको तर्फबाट रहनु भएका विपक्षीहरुले गरेको अवैधानिक महाधिवेशनको निर्णय एवं सो पश्चातको विधान संशोधनको अवैधानिक निर्णय एवं कार्यहरु प्रथम दृष्टिमा नै गैर संवैधानिक र गैर कानूनी रहेको र उक्त कार्यले निरन्तरता पाएमा कानूनको शासनको उपहास हुने हुँदा सुविधा र सन्तुलनको दृष्टिबाट प्रस्तुत निवेदनको अन्तिम टुङ्गो नलाग्दा सम्म संघको तर्फबाट विपक्षी रहनु भएका पदाधिकारीहरुको कुनियतमा संघको विधान विपरीत मिति सन् मार्च २६ र २७, २०२२ (चैत्र १२ र १३ २०७८) मा होटल हिमालय ललितपुरमा गरिएको अन्तर्राष्ट्रिय समन्वय परिषद्को गठन र संघको विधान संशोधन गर्ने गरी भएको सोही मितिको निर्णय र पत्राचार एवं सोही निर्णय तथा पत्राचारको आधारमा पुनः संशोधन गरिएको संघको विधान तथा सोही निर्णय तथा पत्राचारको आधारमा विपक्षी परराष्ट्र मन्त्रालयबाट संशोधित विधानलाई प्रमाणित गरिदिई वैधानिकता प्रदान गर्ने मिति २०७८।१२।१३ र मिति २०७९।११।१२ को निर्णय तथा संघको तर्फबाट विपक्षी रहनु भएका र विपक्षीहरु नभएका समेत सम्मिलित परिषद्ले संघको नाम, छाप, लेटर प्याड एवं संघको नाउँमा रहेको बैंक खाता एवं कार्यालय समेत प्रयोग गरी आएकोले निज विपक्षीहरुले संघको सम्पत्तिमा हानी नोक्सानी पु-याई संस्थाको मान मर्यादामा समेत क्षति पुग्न सक्ने सम्भावना रहेको हुँदा सन् मार्च २६ र २७, २०२२ (चैत्र १२ र १३, २०७८) मा होटल हिमालय ललितपुरमा संघको १० औं महाधिवेशन नामकरण गरी गरेको अवैधानिक महाधिवेशन र सो अवैधानिक महाधिवेशनबाट भए गरेका कुनै पनि निर्णय र सो निर्णयको आधारमा प्रयोग गरी आएको संघको नाम, छाप, लेटर प्याड एवं बैंक खाता र अन्य कुनै पनि निर्णय, आदेश, पत्राचार, निर्देशन र सो पश्चात भएको संघको विधान संशोधन तथा विपक्षी परराष्ट्र मन्त्रालयबाट संशोधित विधानलाई प्रमाणित गरिदिई वैधानिकता प्रदान गर्ने मिति २०७८।१२।१३ र मिति २०७९।११।१२ को निर्णय र सोको आधारमा जारी भएका आदेश, पत्राचार, निर्देशन कार्यान्वयन नगर्नु नगराउनु, यथास्थितिमा राख्नु भनी सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९(२)(क) बमोजिम

विपक्षीहरुको नाउँमा अन्तरिम आदेश समेत जारी गरी पाउँ भन्ने व्यहोराको निवेदक राजेश शम्शेर राणाले यस अदालतमा पेस गरेको निवेदनपत्र।

१४. **यस अदालतको आदेश:** यसमा के कसो भएको हो? निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो? आदेश जारी हुनु नपर्ने भए आधार कारण सहित यो आदेश प्राप्त भएको मितिले बाटोका म्याद बाहेक १५ दिन भित्र विपक्षी नं. १ र २ को हकमा महान्यायाधिवक्ताको कार्यालय मार्फत तथा अन्य विपक्षीहरुको हकमा आफै वा आफ्नो कानून बमोजिमको प्रतिनिधि मार्फत लिखितजवाफ पेश गर्नु भनी यो आदेश र निवेदनको प्रतिलिपि साथै राखी विपक्षीहरुका नाममा म्याद सूचना जारी गरी सो को बोधार्थ महान्यायाधिवक्ताको कार्यालयलाई दिई म्याद भित्र लिखित जवाफ परे वा अवधि नाघे पछि नियमानुसार पेश गर्नू। साथै अन्तरिम आदेश समेत जारी गरी पाउन माग गरे तर्फ विचार गर्दा प्रस्तुत निवेदनमा उठाइएको विषयवस्तुको प्रकृतिबाट दुवै पक्षलाई छलफलमा राखेर मात्र अन्तरिम आदेश जारी गर्नु पर्ने वा नपर्ने निष्कर्षमा पुग्न मनासिब हुने देखिँदा उक्त प्रयोजनको लागि मिति २०८०।०४।१५ गते छलफल हुने मिति तोकी उक्त छलफलमा उपस्थित हुन विपक्षीहरुलाई सूचना दिई यसै अदालतमा विचाराधीन ०७९-WO-०५४० को रिट निवेदन समेत अध्ययनका लागि साथै राखी नियमानुसार गर्नु भनी यस अदालतबाट मिति २०८०।०४।०२ मा भएको आदेश।

१५. **विपक्षी डा. शेष घलेको लिखितजवाफ:** गैरआवासीय नेपाली संघको १० औं महाधिवेशनलाई लिएर महाधिवेशन प्रतिनिधि चयनमा चरम विवाद रहेको कुरा नेपाल सरकार, परराष्ट्र मन्त्रालयको मिति २०७८।०५।१७, २०७८।०५।२५, २०७८।०६।२२, र २०७८।०८।०३ को पत्र एवं संघको अन्तर्राष्ट्रिय समन्वय परिषद्को ८१ औं बैठकले पुष्टि गर्दछ। नेपाल सरकार, परराष्ट्र मन्त्रालयका पत्रहरूले महाधिवेशन प्रतिनिधि चयन गर्ने समेत निर्देशन दिएको छ भने संघको अन्तर्राष्ट्रिय समन्वय परिषद्को ८१ औं बैठकले महाधिवेशन प्रतिनिधि चयन सम्बन्धी विवादलाई मनन गरी म लिखित जवाफ प्रस्तुतकर्ताको नेतृत्वमा महाधिवेशन प्रतिनिधि चयन गर्ने समेत कार्यादेश दिएको छ।

विवाद उत्कर्षमा पुगे पश्चात नेपाल सरकार, परराष्ट्र मन्त्रालयको मिति २०७८।०८।०३ को पत्रले म संयोजक रहेको गैरआवासीय नेपाली संघको संरक्षक परिषद् मार्फत संघको १० औं अन्तर्राष्ट्रिय महाधिवेशन सम्पन्न गर्नु भनी निर्देशन दियो र सन् २०२२ को जनवरी १५ (तदनुसार मिति २०७८।१०।०१) मा संघका तत्कालीन अध्यक्ष कुमार प्रसाद

पन्तको अध्यक्षतामा संघको अन्तर्राष्ट्रिय समन्वय परिषद्को ८१ औं बैठक बस्यो। उक्त बैठकको एजेण्डा ४.१ मा संघको १० औं अन्तर्राष्ट्रिय महाधिवेशनको निर्वाचन सम्बन्धी सबै समस्याहरुको विधान सम्मत र निष्पक्ष ढंगले समाधान गर्ने हेतुले ७ सदस्यीय उच्च स्तरीय समिति गठन गरी म लिखित जवाफ प्रस्तुतकर्तालाई उक्त समितिको संयोजक मनोनित गरेको थियो। तोकिएको कार्यदेशानुसार १० औं महाधिवेशनको लागि प्रतिनिधिहरुको अन्तिम सूची अन्तर्राष्ट्रिय समन्वय परिषद्लाई मुख्यत: ४ विषय (राष्ट्रिय समन्वय परिषद्को निर्वाचन विनियमावली बमोजिम तोकिएको मिति पश्चात सदस्यता वितरण गरेको सम्बन्धमा, सन् जुलाई २०२१ मा सम्पन्न राष्ट्रिय समन्वय परिषद् जापानको निर्वाचनमा भएको धाँधुलीका सम्बन्धमा, विधान बमोजिम चयन गर्नु पर्ने ६५ प्रतिशत महाधिवेशन प्रतिनिधि चयनका सम्बन्धमा र विधान बमोजिम चयन हुने २५ प्रतिशत महाधिवेशन प्रतिनिधि चयनमा अनियमितता भएको सम्बन्धमा) मा संघको १० औं अन्तर्राष्ट्रिय महाधिवेशन विवाद रहेको प्रतिवेदन बुझाएको थिएँ।

तथापि ७ सदस्यीय उच्च स्तरीय समितिको कार्यदेशानुसारको प्रतिवेदन पेश हुँदाहुँदै अन्तर्राष्ट्रिय समन्वय परिषद्को अध्यक्षले प्रतिवेदनलाई बेवास्ता गरी महाधिवेशनको कार्यक्रम तय गरी आफैले महाधिवेश प्रतिनिधिको सूची तयार गरी निर्वाचन समितिलाई बुझाई संघको १० औं अन्तर्राष्ट्रिय महाधिवेशन मिति सन् २०२२ को मार्च २४ र २५ लाई तोक्नु भयो।

होटल याक एण्ड यतीमा सम्पन्न संघको १० औं महाधिवेशन सम्बन्धमा नेपाल सरकार, परराष्ट्र मन्त्रालयको मिति २०७८।०६।२२ र २०७८।०८।०३ को पत्र एवं ८१ औं बैठकको भावनालाई लत्याउँदै तत्कालीन अध्यक्ष कुमार प्रसाद पन्तज्यूले संघको १० औं अन्तर्राष्ट्रिय महाधिवेशन सन् २०२२ को मार्च २४ र २५ लाई तोके पछि मिति २०७८।१२।०२ मा चिन्तामणी सापकोटा र उमेश कुमार पुडासैनीले सम्मानित उच्च अदालतमा मुद्दा नं. ०७८-WO-०९३१ को निषेधाज्ञा निवेदनबाट उक्त महाधिवेशन रोकी पाउन निवेदन पेश गर्नु भएको रहेछ र उक्त निवेदनमा सम्मानित उच्च अदालत पाटनबाट मिति २०७८।१२।०७ मा सन् २०२२ को मार्च २४ र २५ (तदानुसार २०७८।१२।१० र ११) मा हुन लागेको निर्वाचन सम्बन्धी सबै कार्यक्रम अल्पकालीन अन्तरिम आदेशले यथास्थितमा राखु भन्ने आदेश समेत जारी भएको रहेछ। तथापि सो बखत सम्ममा नेपाल सरकार, परराष्ट्र मन्त्रालयको मिति २०७८।०८।०३ र २०७८।१२।०८

को पत्र निर्देशन, संघको ८१ औं बैठकको भावना र ४५ वटा राष्ट्रहरुको पदाधिकारीहरु सम्मिलित सन् २०२२ मार्च ६ को राष्ट्रिय समन्वय परिषद्को सर्वसम्मत जनादेश बमोजिम संघको उपाध्यक्ष सोनाम लामाज्यूको अध्यक्षतामा सन् २०२२ मार्च २२ देखि २५ सम्म होटल याक एण्ड यतीमा संघको १० औं अन्तर्राष्ट्रिय महाधिवेशन सम्पन्न गरी मिति २०७८।१२।१३ मा नेपाल सरकार, परराष्ट्र मन्त्रालयमा पत्राचार गरी सकेको थियो।
हिमालयन होटलमा भएको अवैधानिक महाधिवेशन सम्बन्धमा नेपाल सरकार, परराष्ट्र मन्त्रालयको मिति २०७८।०८।०३ र २०७८।१२।०८ को पत्र निर्देशन बमोजिम संघको उपाध्यक्ष सोनाम लामाज्यूको अध्यक्षतामा सन् २०२२ मार्च २२ देखि २५ सम्म होटल याक एण्ड यतीमा संघको १० औं अन्तर्राष्ट्रिय महाधिवेशन सम्पन्न भई सके पश्चात सह विपक्षीहरुले हिमालय होटलमा अवैधानिक रुपमा सन् २०२२ मार्च २६ र २७ का दिन नेपाल सरकार, परराष्ट्र मन्त्रालयको मिति २०७८।०८।०३ र २०७८।१२।०८ को पत्र निर्देशन विपरीत मेरो गैर उपस्थितिमा संघको अर्को अवैधानिक १० औं अन्तर्राष्ट्रिय महाधिवेशन सम्पन्न गर्नु भएको रहेछ र उहाँले गर्नु भएको महाधिवेशनमा मेरो नाम समेत अध्यक्ष मण्डलमा राखु भएको रहेछ तथापि म लिखितजवाफकर्ता उहाँहरुले गरेको महाधिवेशन एवं विधान संशोधन प्रस्तावको अध्यक्ष मण्डलमा उपस्थित रहे भएको छैन। सह विपक्षी रहनु भएका संघका मित्रहरुले हिमालयन होटलमा सम्पन्न गरेको भनिएको महाधिवेशन अवैधानिक हो। उक्त महाधिवेशनमा मेरो समर्थन छैन। म लिखित जवाफ प्रस्तुतकर्ता स्वयं सम्मिलित होटल याक एण्ड यतीको १० औं अन्तर्राष्ट्रिय महाधिवेशन विपरीत म आफैं सो मेरो नेतृत्वमा सम्पन्न भएको महाधिवेशनलाई चुनौति दिने गरी अर्को महाधिवेशनमा सहभागी हुने भन्ने कुरा Wise Man को काम हुन सक्दैन। नेपाल सरकार, परराष्ट्र मन्त्रालयको मिति २०७८।०८।०३ को पत्र निर्देशन बमोजिमको भूमिका संघको ८१ औं बैठक अन्तर्गत रही निर्वाह गरेको हुँदा अवैधानिक रुपले हिमालय होटलमा सन् २०२२ मार्च २६ र २७ का दिन सम्पन्न गरेको भनिएको महाधिवेशन एवं विधान संशोधन प्रस्तावको अध्यक्ष मण्डलमा मेरो उपस्थिति नरहेको नभएको हुँदा सो हद सम्म रिट निवेदन वेरितको रहेको छ, अरु निवेदकको माग बमोजिम होस् भन्ने व्यहोराको डा. शेष घलेको तर्फबाट अख्तियार प्राप्त अधिवक्ता रामकुमार माझीले यस अदालतमा पेस गरेको लिखितजवाफ।

१६. गैर आवासीय नेपाली संघको अन्तर्राष्ट्रिय समन्वय परिषद,ऐ का अध्यक्ष श्री कुल आचार्य,ऐ संघका अध्यक्ष श्री रविना थापा, ऐ संघका अध्यक्ष श्री डा. बद्री के.सी, ऐ संघका निवर्तमान अध्यक्ष श्री कुमार प्रसाद पन्त,ऐ संघका उपाध्यक्ष श्री हेमराज शर्मा र ऐ संघका पूर्व अध्यक्ष श्री डा. उपेन्द्र महतोको संयुक्त लिखित जवाफ: विपक्षी रिट निवेदक राजेश शम्शेर राणाले अनाधिकृत रूपमा गैरआवासीय नेपाली संघको नाम प्रयोग गरी आफूलाई गैरआवासीय नेपाली संघको अख्तियारप्राप्त भएको झुठ्ठा व्यहोरा उल्लेख गरी हामी गैर आवसीय नेपाली संघलाई नै विपक्षी बनाई प्रस्तुत रिट निवेदन दर्ता गरेका रहेछन्। उक्त रिट निवेदनमा विभिन्न आधारहिन तथ्य एवं व्यहोराहरू उल्लेख गरी परराष्ट्र मन्त्रालयको मिति २०७८।१२।१३ र २०७९।११।१२ को निर्णय र मिति २०७९।११।१४ मा प्रमाणित यस संघको संशोधित विधान उत्प्रेषणको आदेशले बदर गरी सन २०२२ मार्च २२ देखि २५ मा विपक्षीहरुले सम्पन्न गरेको भनी उल्लेख गरेको अनाधिकृत महाधिवेशन र सो अनाधिकृत महाधिवेशनले गरेको निर्णयलाई आधिकारिकता एवं मान्यता दिन दिलाउन भनी परराष्ट्र मन्त्रालयको नाममा परमादेश जारी गरी पाउन मागदावी गरिएको रहेछ। विपक्षीकै रिट निवेदनको व्यहोराबाटै निजहरुको याक एण्ड यति होटलमा सम्पन्न गरेको भनी दावी गरेको अनाधिकृत महाधिवेशन र सोको निर्णय परराष्ट्र मन्त्रालयले अभिलेख र प्रमाणीकरण नगरेको भनी उल्लेख गरेको देखिन्छ। यस्तो अवस्थामा अनाधिकृत रुपमा कानून बमोजिम स्थापित यस गैरआवासीय नेपाली संघको नाम प्रयोग गरी नक्कली लेटरहेडमा अख्तियारनामा तयार गरी नक्कली एवं जालसाजपूर्ण कागजात बनाई सम्मानित अदालत समेतलाई भुक्याई गैरआवासीय नेपाली संघको नामबाट यस सम्मानित अदालतमा प्रस्तुत रिट निवेदन दर्ता गरिएको देखिन्छ। यसरी अनाधिकृत रुपमा अदालत प्रशासनलाई समेत झुक्याई नक्कली कागजातका आधारमा दायर भएको प्रस्तुत रिट निवेदन प्रथम दृष्टिमै बदरभागी छ।

गैरआवासीय नेपाली संघ, गैरआवासीय नेपाली सम्बन्धी ऐन, २०६४ बमोजिम गैरआवासीय नेपालीहरु बीच पारस्परिक सहयोग तथा सद्भाव अभिवृद्धि गर्ने उद्देश्यले स्थापित संस्था हो। ऐनको व्यवस्था बमोजिम स्थापित र संचालन हुने भएकाले कुनै व्यक्ति वा समूहको नाजायज इच्छा वा चाहनाबाट विस्थापित हुन सक्ने होइन। गैरआवासीय नेपाली संघका क्रियाकलापहरु संचालन गर्न सन २००३ को ११ अक्टोबरमा काठमाडौमा सम्पन्न भएको पहिलो गैरआवासीय विश्व सम्मेलनले "गैरआवासीय नेपाली संघको विधान, २००३" जारी

गरी हालसम्म विभिन्न संसोधनसहित सोही विधान लागू रहेको अवस्था छ। उक्त विधान र श्री उच्च अदालत पाटनको पटक पटकको आदेश अनुरुप मिति २०७८।१२।१२ र मिति २०७८।१२।१३ (सन २०२२, मार्च २६ र २७) मा काठमाडौंमा सम्पन्न भएको संघको १० औं महाधिवेशनबाट निर्वाचित एवम नियुक्त अन्तर्राष्ट्रिय समन्वय परिषदका अध्यक्ष तथा पदाधिकारीहरुको नेतृत्वमा गैरआवासीय नेपाली संघ विधिवत रुपमा संचालन हुँदै आएको छ। मिति २०७८।१२।१२ र मिति २०७८।१२।१३ मा सम्पन्न महाधिवेशन रिट निवेदक राजेश शम्शेर राणा यस संघको कार्यकारी निर्देशकको रुपमा कार्यरत रहेकै समयमा निज समेतको सक्रीय सहभागिता र व्यवस्थापिकीय सहयोगमा सम्पन्न भएको हो। उक्त महाधिवेशन बदर गरिपाउन विपक्षीले रिट निवेदनमा कुनै दावी गर्न सकेको अवस्था छैन। महाधिवेशन वैध तर त्यसबाट अख्तियारप्राप्त निकायले संसोधन गरेको बिधान अन्यथा हुने अवस्था रहदैन।

विपक्षीको निवेदनमा हामी निवेदकले परराष्ट्र मन्त्रालयको निर्देशानुसार गैर आवासीय नेपाली संघको १० औं महाधिवेशन मिति सन २०२२ मार्च ११ देखि २५ (तदनुसार वि.स. २०७८ चैत्र ८ देखि ११) सम्म काठमाडौंमा अवस्थित याक एण्ड यती होटलमा सम्पन्न गरिएको..." भन्ने जस्ता भ्रामक व्यहोरा उल्लेख गरेका रहेछन्। उल्लिखित व्यहोराबाटै गैरआवासीय नेपाली संघका पूर्व अध्यक्ष शेष घलेको नेतृत्वमा केही व्यक्तिहरुले अनाधिकृत रुपमा समूह खडा गरी गैरकानूनी रुपमा आफैले आफूलाई गैरआवासीय नेपाली संघ घोषणा गरी सो कार्यलाई आधिकारिकता दिने दुषित मनसायले प्रस्तुत रिट निवदेन दायर गरेको देखिन्छ। सन् २०२२ मार्चमा रितपूर्वक सम्पन्न भएको महाधिवेशनको सम्बन्धमा हाल आएर अर्को महाधिवेशनको मिति नजिकिदै गरेको समयमा भ्रामक व्यहोराहरु उल्लेख गरी रिट निवेदन दायर गरेबाट विपक्षीले संघको आगामि अक्टोबर २०२३ का लागि हुने महाधिवेशनमा हस्तक्षेप गर्ने, मुद्दाको बहानामा समन्वय परिषदमा पद माग्ने, भागभण्डा खोज्ने बदनियतले मात्र प्रस्तुत रिट निवेदन दायर गरेको रुपष्ट छ। कुनै व्यक्तिको नाजायज स्वार्थ पूर्तिका लागि अदालतको अमूल्य समयको दुरुपयोग हुन सक्ने यस्तो बदनियतवश पेश गरिएको रिट निवेदन गैरकानूनी, जालसाजीपूर्ण एवं हकदैयाविहिन भई सम्पूर्ण रुपमा बदरभागी रहेको छ।

विपक्षीको रिट निवेदनमा उल्लेख भएको परराष्ट्र मन्त्रालयको मिति २०७८।०६।२२ र मिति २०७८।०८।०३ लगायतका पत्र/निर्देशनहरुको सम्बन्धमा यस गैरआवासीय नेपाली

संघले श्री उच्च अदालत पाटनमा दायर गरेको रिट निवेदन (०७८-WO-०४७९) मा सम्मानित उच्च अदालत पाटनबाट परराष्ट्र मन्त्रालयका मिति २०७८।०६।२२ र २०७८।०८।०३ को निर्णय/पत्राचार कार्यान्वयन नगर्नु नगराउनु भनी मिति २०७८।०८।१२ मा अल्पकालीन अन्तरिम आदेश जारी भई विपक्षीलाई छलफलको लागि झिकाइएको थियो। रिट निवेदकले प्रतिनिधित्व गर्ने संघको महाधिवेशन रोक्न क्रियाशील समूह र विपक्षी परराष्ट्र मन्त्रालय समेतको उपस्थितिमा मिति २०७८।०८।१९ मा भएको छलफल पेशीमा सम्मानित उच्च अदालत पाटनबाट मिति २०७८।६।२२ र मिति २०७८।८।३ को निर्णय/पत्राचार कार्यान्वयन नगर्नु नगराउनु र महाधिवेशन हुन नरोक्नु भनी परराष्ट्र मन्त्रालयको नाममा मिति २०७८।०८।१९ मा अन्तरिम आदेश जारी भएको थियो। श्री उच्च अदालत पाटनको परराष्ट्र मन्त्रालयको नाउमा जारी उक्त आदेश बमोजिम संघको महाधिवेशन तथा निर्वाचनको मिति तय गरिएको थियो।

यस्तोमा पूर्व अध्यक्ष शेष घलेको समूहको तर्फबाट चिन्तामणी सापकोटा र उमेश कुमार पुडासैनीले मिति २०७८।१२।१० र ११ लागि निर्धारित निर्वाचन रोकी पाउन श्री उच्च अदालत पाटनमा निषेधाज्ञाको निवेदन दायर गरेका थिए (मुद्दा नं. ०७८-WO-०९३१)। मिति २०७८।१२।१० र ११ लागि निर्धारित निर्वाचन रोकी पाउन अन्तरिम आदेश माग भएको उक्त निवेदनका सम्बन्धमा मिति २०७८।१२।११ मा दुवै पक्ष बीच छलफल हुँदा सम्मानित अदालतबाट अन्तरिम आदेश जारी गर्नुपर्ने देखिएन भनी आदेश भयो। सो पश्चात मिति २०७८।१२।१२ र १३ गते काठमाण्डौंस्थित हिमालयन होटलमा संघका महाधिवेशन प्रतिनिधि, परराष्ट्र मन्त्रालयको प्रतिनिधि समेतको उपस्थितिमा उच्च अदालत पाटनको आदेशको अधीनमा रही यस गैरआवासीय नेपाली संघको १० औं सम्मेलन भव्यताका साथ सम्पन्न भएको थियो।

उल्लिखित प्रक्रिया बमोजिम महाधिवेशन गर्ने तयारी हुँदै गर्दा सम्मानित उच्च अदालत पाटनको आदेशहरुको अवज्ञा गर्दै संघका पूर्व अध्यक्ष शेष घलेले छुट्टै भेला आव्हान गरेका रहेछन्। सो सम्बन्धमा परराष्ट्र मन्त्रालयले मिति २०७८।१२।०८ मा संस्थाको गरिमा, एकता तथा उद्देश्यमा नकारात्मक प्रभाव पार्ने गतिविधि नगर्न पत्राचार समेत गरेको थियो। श्री शेष घले अध्यक्ष रहेको संघको संरक्षक समिति समेत २ मार्च २०२२ को बैठकको निर्णयबाट पहिले नै विघटन भइसकेको थियो। यस्तोमा संघको महाधिवेशन, महाधिवेशन प्रतिनिधि र निर्वाचनको सम्बन्धमा कुनै कानूनी हैसियत नै नरहेका व्यक्ति श्री शेष घलेले

प्रमाणित गरेको सदस्यहरुले मात्र संघको निर्वाचन गर्न सक्ने अवस्था रहदैन। श्री उच्च अदालत पाटनबाट विपक्षीहरुले दायर गरेको ०७८-WO- ०९३१निवेदनमा मिति २०७८।१२।११ मा भएको छलफल पेशीमा विपक्षीहरुको यस्तो निर्वाचनजन्य गतिविधिको बारेमा छलफल भई सो समेतका आधारमा मिति २०७८।१२।११ मा अन्तरिम आदेश जारी नहुने आदेश भएको थियो। विपक्षीहरुको भेलाको कुनै कानूनी हैसियत नरहेकाले विपक्षीको उल्लेखित कार्य अवैधानिक एवं गैरकानूनी भएको स्पष्ट छ। यसरी नै आधाकारिकता विना गैरआवासीय नेपाली संघ नामको निर्वाचनजन्य गतिविधि गरी सो आधारमा तयार गरिएका गैरकानूनी एवं जालसाजीपूर्ण कागजातहरुको कुनै कानूनी हैसियत नभएको र विपक्षीहरुको यस्तो कार्य गैरकानूनी भई कसूरजन्य क्रियाकलाप भएकाले यस्ता कामकारवाहीका आधारमा रित पूर्वक नियमित रूपमा सम्पन्न महाधिवेशन र संघको रितपूर्वक संशोधन गरिएको संशोधित विधान बदर गरिपाउन दायर गरिएको प्रस्तुत रिट निवेदन त्रुटीपूर्ण एवं गैरकानूनी भई खारेजभागी छ। विपक्षीहरुको यस्तो गैरकानूनी एवं आम मानिसलाई भ्रमित गर्ने जालसाजीपूर्ण क्रियाकलापका सम्बन्धमा सम्बन्धित व्यक्तिहरुका विरुद्ध आवश्यक कानूनी कारवाही चलाउने यस संघको कानूनी अधिकार जीवितै छ।

उच्च अदालत पाटनमा दायर भएको मुद्दा नं. ०७८-WO-०९३१ को निषेधाज्ञाको मुद्दा चिन्तामणि सापकोटाले मिति २०७८।१२।११ मा निवेदन पेश गरी फिर्ता माग गरेको अवस्था छ र उक्त मुद्दामा सम्मानित अदालतबाट मिति २०७९।०३।२९ मा तामेलीमा राख्ने गरी अन्तिम आदेश भएको छ। साथै श्री उच्च अदालत पाटनमा यस संघले दायर गरेको मुद्दा नं. ०७८-WO-०४७९ को रिट निवेदन समेत सम्मानित अदालतबाट मिति २०७९।०२।१८ मा तामेलीमा जाने गरी अन्तिम रुपमा फैसला भईसकेको छ। अतः संघको तत्कालको १० औं महाधिवेशनका सम्बन्धमा कुनै बिवाद रहेको छैन र बिधिवत रुपमा महाधिवेशन सम्पन्न भई निर्वाचित अध्यक्षहरुको नेतृत्वमा संघ संचालन हुँदै आएको छ। हाल यो संघ आफ्नो ११ औं महाधिवेशन गर्ने तयारीमा रहेको छ। महाधिवेशनको संघारमा आधारहिन रुपमा भ्रामक र झुट्ठा व्यहोराहरु उल्लेख गरी अनाधिकृत एवं हकदैयाविहिन व्यक्तिबाट दायर भएको प्रस्तुत निवेदन बदनियतपूर्ण एवं त्रुटीपूर्ण रहेकाले बदरभागी छ खारेज गरी पाउँ।

यसरी विपक्षीहरुले आफ्नो अवैधानिक क्रियाकलापहरुलाई वैधानिकता दिने झुट्ठा एवं भ्रामक व्यहोरा उल्लेख गरी प्रस्तुत रिट निवेदन दायर गरेको स्पष्ट छ। यस्तोमा परराष्ट्र मन्त्रालय

समेत जानकार र सचेत नै छ। यस संघको १० औं महाधिवेशन पश्चात यस संघले पेश गरेको विधानको संशोधनलाई परराष्ट्र मन्त्रालयले मिति २०७८।१२।१३ र मिति २०७९।११।१४ मा दुई पटक प्रमाणित गरेको अवस्था छ। सम्मानित उच्च अदालतमा पाटनको आदेश अनुरुप विधिवत रुपमा गैरआवासीय नेपाली संघको महाधिवेशन सम्पन्न भई तीन अध्यक्ष सहितको समन्वय समिति निर्वाचित भएको, यसै नेतृत्वमा संघको कामकारवाही भई रहेको, परराष्ट्र मन्त्रालय समेत सो सम्बन्धमा पूर्ण जानकार रहेको, विभिन्न मितिमा विभिन्न कामकारवाहीको सम्बन्धमा यिनै पदाधिकारीहरु मार्फत पत्राचार आदन प्रदान भईरहेको अवस्थामा अन्यौलता सृजना हुनु पर्ने कुनै आधार कारण छैन।

विपक्षी रिट निवेदक निज राजेश शमशेर राणालाई प्रस्तुत रिट निवेदन दायर गर्ने हकदैया Locus Standi asks the question whether the petitioner is entitled to invoke the court's jurisdiction (Lord Denning, The Discipline of Law, (१९७९), p. १४४). Lord Denning ले Regina v. Liverpool Corporation [ (१९७२) २QB २९९, ३०८-९] को मुद्दामा "...the expression 'person aggrieved' does not include a mere busybody who is interfering in things which do not concern him, but it includes any person who has a genuine grievance because something has been done or maybe done which affects him. " भनी हकदैयाका सम्बन्धमा विवेचना गरेका छन्। विपक्षी रिट निवेदक निज राजेश शम्शेर राणा यस गैर आवासीय नेपाली संघका पूर्व कार्यकारी निर्देशक हुन्। निजलाई कार्यकारी निर्देशकको रुपमा नियुक्ति गर्ने करार समाप्त भएकोले संघले मिति २०७९।०१।२८ मा निजको सेवाका लागि धन्यावाद ज्ञापन गर्दै निजको करार अन्त्य भएको जानकारी गराएको थियो। उक्त पत्र निजले मिति २०७९।०१।२९ मा बुझी स्वीकार समेत गरिनुभएको थियो। रिट निवेदकले हाल उत्प्रेषणको आदेशले कारवाही गरी पाउन माग गरेको मिति २०७९।११।१४ मा प्रमाणित संघको विधानको संशोधन प्रमाणीकरण गर्ने सम्बन्धमा संघका सचिवालयको प्रमुख र व्यवस्थापक प्रमुखको रुपमा निजको समेत सक्रीय भूमिका रहेको थियो। संघकै पूर्व कार्यकारी निर्देशकको रुपमा काम गरेका विपक्षी राजेश शम्शेर राणाले नक्कली लेटरहेडमा अनाधिकृत कागजात तयार गरी अदालत प्रशासनलाई घुमाई प्रस्तुत रिट निवेदन दर्ता गर्ने कानूनी कार्य गरेकाले निजले अदालतको मानहानी गरेको अवस्था छ। विपक्षी रिट निवेदक र निजको प्रतिनिधिलाई अदालतको अवहेलनामा हदैसम्मको कारवाही गरी पाउँ। अगामी दिनहरुमा अदालतलाई यसरी हलुका रुपमा प्रयोग नगरियोस् भन्ने प्रत्याभूत गर्न समेत अनाधिकृत कागजात बनाई नभएको नपाएको पदवी वा

कानूनी व्यक्तित्व देखाई अदालतलाई झुक्याई अदालतको समय खर्चने व्यक्तिलाई कारवाही गर्न आवश्यक छ।

गैरआवासीय नेपाली संघको अस्तित्व र गरिमामा असर पु-याउने बदनियतले अवैधानिक रुपमा जालसाजीपूर्ण तरिकाले कागजातहरु तयार गरी संघको विरुद्धमा दायर गरिएको प्रस्तुत रिट निवेदन झुट्टा, भ्रामक, जालसाजीपूर्ण एवं हकदैयाविहिन भएकाले रिट निवेदन खारेज गरी यस ऐन बमोजिम स्थापित गैरआवासीय नेपाली संघको अनाधिकृत रुपमा नाम प्रयोग गरी सम्मानित अदालतलाई झुक्यानमा पारी रिट निवेदन दायर गर्ने निज राजेश शम्शेर राणा र अख्तियारीमा हस्ताक्षर गर्ने जानकी गुरुङलाई उचित र आवश्यक कारवाही समेत गरिपाउँ भन्ने व्यहोराको यस अदालतमा पेस गरेको कुलप्रसाद आचार्य समेतको संयुक्त लिखितजवाफ।

१७. **परराष्ट्र मन्त्रालयको तर्फबाट ऐ का सचिव भरतराज पौड्यालको लिखितजवाफः** संस्था दर्ता ऐन, २०३४ मा संस्था दर्ता गर्ने सम्बन्धी छुट्टै व्यवस्था हुँदा हुँदै गैर आवासीय नेपालीहरुमा नेपालप्रतिको सामिप्यता अभिबृद्धि गरी त्यस्ता व्यक्तिलाई नेपालको सर्वाङ्गीण विकासमा सहभागी गराउन उत्प्रेरित गर्न र गैर आवासीय नेपालीहरु बीच पारस्परिक सहयोग तथा सद्भाव अभिबृद्धि गर्ने अभिप्रायले गैर आवासीय नेपाली सम्बन्धी ऐन, २०६४ को दफा १६ तथा ऐ. नियमावली, २०६६ को नियम १२ मा गैर आवासीय नेपालीहरुको नेपालभित्र गैर आवासीय नेपाली संघ नामक एक संघ रहने व्यवस्था गरेको छ। उक्त कानूनी व्यवस्था बमोजिम गैर अवासीय नेपाली संघ नामक संघ यस मन्त्रालयमा २०७० सालमा दर्ता तथा नविकरण हुँदै आएको संस्था हो। नियमावलीको नियम १२ को उपनियम (३) मा संघ दर्ता भएमा दर्ता प्रमाणपत्र दिदाका बखत विधानको एक प्रति प्रमाणित गरी निवेदकलाई दिनु पर्ने व्यवस्था रहेको छ।

उल्लेखित कानूनी व्यवस्था बमोजिम यस मन्त्रालयमा दर्ता तथा नविकरण हुँदै आएको संघको विधानको दफा २९.२ मा विधानको कुनै दफाहरु संशोधन वा खारेज गर्ने प्रस्ताव पारित भएमा त्यस्तो व्यवस्था परराष्ट्र मन्त्रालयले स्वीकृति तथा प्रमाणित गरेपछि लागू हुनेछ भन्ने व्यवस्था रहे अनुसार मन्त्रालयले स्वीकृति तथा प्रमाणित गरेको अवस्था रहेकाले यस मन्त्रालयलाई यस विषयमा बिपक्षी बनाई रिट निवेदन दिनुको कुनै औचित्य नरहेको हुँदा प्रस्तुत रिट निवेदन खारेजभागी छ, खारेज गरी पाऊँ भन्ने व्यहोराको परराष्ट्र मन्त्रालयको तर्फबाट ऐ मन्त्रालयका सचिव भरतराज पौड्यालले यस अदालतमा परेको लिखितजवाफ।

१८. **परराष्ट्र मन्त्री नारायण प्रसाद साउदले पेश गरेको लिखित जवाफ:** संस्था दर्ता ऐन,२०३४ मा संस्था दर्ता गर्ने सम्बन्धी छुट्टै व्यवस्था हुँदा हुँदै गैर आवसीय नेपालीहरुमा नेपालप्रतिको सामिप्यता अभिवृद्ध गरी त्यस्ता व्यक्तिलाई नेपालको सर्वाङ्गिण बिकासमा सहभागी गराउन उत्प्रेरित गर्न र गैर आवसीय नेपालीहरु बीच पारस्परिक सहयोग तथा सद्भाव अभिवृद्धि गर्ने अभिप्रायले गैर आवासीय नेपाली सम्बन्धी ऐन,२०६४ को दफा १६ तथा ऐ. नियमावली,२०६६ को नियम १२ मा गैर आबासीय नेपालीहरुको नेपालभित्र गैर आवासीय नेपाली संघ नामक एक संघ रहने व्यवस्था गरेको छ।उक्त कानूनी व्यवस्था बमोजिम गैर आवसीय नेपाली संघ नामक संघ यस मन्त्रालयमा २०७० सालमा दर्ता तथा नविकरण हुँदै आएको हो। नियमावलीको नियम १२ को उपनियम (३) मा संघ दर्ता भएमा दर्ता प्रमाणपत्र दिंदाका बखत विधानको एक प्रति प्रमाणित गरी निवेदकलाई दिनु पर्ने व्यवस्था रहेको छ।उल्लेखित कानूनी व्यवस्था बमोजिम यस मन्त्रालयमा दर्ता तथा नविकरण हुँदै आएको संघको विधानको दफा २९.२ मा विधानको कुनै दफाहरु संशोधन वा खारेज गर्ने प्रस्ताव पारित भएमा त्यस्तो व्यवस्था परराष्ट्र मन्त्रालयको स्वीकृति तथा प्रमाणित गरेपछि लागू हुनेछ भन्ने व्यवस्था रहे अनुसार मन्त्रालयले स्वीकृति तथा प्रमाणित गरेको अवस्था रहेकाले यस मन्त्रालयलाई यस विषयमा विपक्षी बनाई रिट निवेदन दिनुका कुनै औचित्य नरहेको हुँदा प्रस्तुत रिट निवेदन खारेजभागी छ, खारेज गरी पाऊँ भन्ने व्यहोराको परराष्ट्र मन्त्रालयको मन्त्री नारायण प्रसाद साउदले यस अदालतमा पेश गरेको लिखित जवाफ।

१९. **पूर्व आदेश संशोधन आदेशः** यसमा यस अदालतबाट मिति २०८०।०८।२७ मा भएको आदेशमा "यसमा प्रस्तुत रिट निवेदन साथ संलग्न रहनुपर्ने ०७९-WO-०५४० को रिट निवेदन साथै रहेको नदेखिंदा उक्त रिट निवेदन समेत साथै राखी अन्तरिम आदेशको छलफलको लागि नियमानुसार पेश गर्नु" भनी उल्लेख हुनुपर्नेमा "यसमा प्रस्तुत रिट निवेदन साथ संलग्न् रहनु पर्ने ०७९-WO-१५०७ को रिट निवेदन साथै रहेको नदेखिंदा उक्त रिट निवेदन समेत साथै राखी अन्तरिम आदेशको छलफलको लागि नियमानुसार पेश गर्नु" भनी उल्लेख हुन गएको हुँदा उक्त आदेश संशोधन गरी पाउँ भन्ने निवेदन मागबमोजिम न्याय प्रसाशन ऐन, २०७३ को दफा १८(३) तथा सर्वोच्च अदालत नियमावली,२०७४ को नियम १९ बमोजिम संलग्न रहनुपर्ने **०७९-WO-१५०७ को सट्टा ०७९-WO-०५४०** कायम हुने गरी यस अदालतको मिति २०८०।०८।२७ को आदेश संशोधन गरिदिएको

छ। प्रस्तुत आदेशलाई उक्त आदेशको अभिन्न अंग मानी मिसिल सामेल राखी नियमानुसार गर्नु भनी यस अदालतबाट मिति २०८०।१०।१० मा भएको आदेश।

## यस अदालतको ठहर आदेश

२०. नियम बमोजिम पेसी सूचीमा चढी निर्णयार्थ यस इजलास समक्ष पेश हुन आएको प्रस्तुत रिटमा निवेदनपत्रसहितको मिसिल, लगाउको रिट र प्रमाण मिसिल समेत अध्ययन गरियो। अन्तरिम आदेशको छलफलको प्रयोजनका लागि पेश भएको भएपनि विपक्षीहरुको लिखितजवाफ प्राप्त भएको कारण दुवै पक्षको कानून व्यवसायीको सहमतीमा बहस सुनी अन्तिम आदेश गर्न मिल्ने भएकोले सोही अनुसार सुनुवाई गर्नु पर्ने देखियो।

२१. रिट निवेदकको तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ताहरु श्री शम्भु थापा, श्री नरेन्द्र प्रसाद गौतम तथा विद्वान अधिवक्ताहरु श्री राजेश काफ्ले, श्री सरोजकृष्ण घिमिरे, श्री रामेश्वर न्यौपाने, श्री रोशनी पौड्याल, श्री नविन भण्डारी र श्री आशिष उप्रेतीले विपक्षी रहनु भएका गैरआवासीय नेपाली संघका पदाधिकारीहरुले होटल हिमालय कोपुण्डोलमा गर्नु भएका सन् २०२२ मार्च २६ र २७ तदनुसार वि.सं. मिति २०७८।१२।१२ र १३ को अवैधानिक महाधिवेशन, सो महाधिवेशनले गरेको निर्णयका आधारमा गठन भएको कार्यसमिति, सो समितिले गरेको विधान संशोधनको निर्णय एवं सो अनुसारको पत्राचार र कार्यहरु, विपक्षी परराष्ट्र मन्त्रालयको मिति २०७८।१२।१३ र मिति २०७९।११।१२ को मन्त्रिस्तरीय निर्णय र सो निर्णयानुसार प्रमाणित गरेको संशोधित विधान अवैधानिक र त्रुटीपूर्ण रहेकोले उत्प्रेषणको आदेशले बदर हुनु पर्छ। साथै विपक्षी परराष्ट्र मन्त्रालयको निर्देशन र गैर आवासीय नेपाली संघको ८१ औं बैठकको कार्यादेश बमोजिम सन् २०२२ मार्च २२ देखि २५ वि.सं. २०७८।१२।८ देखि ११ सम्म काठमाडौंको याक एण्ड यती होटलमा सम्पन्न भएको सो संघको १० औं महाधिवेशन र सो महाधिवेशनले गरेको निर्णयलाई आधिकारिकता एवं मान्यता दिनु दिलाउनु भनी विपक्षी परराष्ट्र मन्त्रालयको नाउँमा परमादेश जारी हुनु पर्छ भन्ने समेत ब्यहोराको बहस प्रस्तुत गर्नुभयो।

२२. विपक्षी गैर आवासीय नेपाली संघको अन्तर्राष्ट्रिय समन्वय परिषद,ऐ का अध्यक्ष श्री कुल आचार्य, ऐ संघको अध्यक्ष श्री रबिना थापा, ऐ संघका अध्यक्ष श्री डा. बद्री के.सी. ऐ संघका निवर्तमान अध्यक्ष श्री कुमार प्रसाद पन्त,ऐ संघका उपाध्यक्ष श्री हेमराज शर्मा र ऐ संघका पूर्व अध्यक्ष श्री डा. उपेन्द्र महतोको तर्फबाट उपस्थित विद्वान अधिवक्ताहरु डा.श्री भिमार्जुन आचार्य, श्री विपिन सुवेदी र श्री तेजेन्द्र गिरीले निवेदकहरुको रिट निवेदन

नेपालको संविधान धारा १३३ को उपधारा (२) को परिधिभित्र नरहेको, निवेदनमा उल्लेख गरिएका तथ्यहरु गलत र भ्रामक रहेका, निवेदकहरुले अनाधिकृत रुपमा लिखित जवाफकर्ता संघको लोगो र लेटरहेड दुरुपयोग गरेको, सम्मानित अदालतलाई तथ्य ढाँटेको, संघको ११ औं महाधिवेशन समेत हाल सम्पन्न भई मागदावी हुँदाको अवस्थामा समेत तात्विक परिवर्तन भई रिट निवेदनको मागदावी नै निस्क्रीय र प्रयोजनहीन भईसकेकोले प्रस्तुत सबै रिट निवेदनहरु सम्पूर्ण रुपमा खारेज हुनु पर्छ भन्ने समेत ब्यहोराको वहस गर्नुभयो।

२३. विपक्षी मध्येका शेष घलेको तर्फबाट उपस्थित अधिवक्ता श्री आशिष उप्रेतीले शेष घले बाहेकका अन्य विपक्षीहरुले होटल हिमालय कुपण्डोलमा गरेको गैर आवासीय नेपाली संघको दशौं महाधिवेशन र त्यसले लिएका निर्णयमा आफ्नो सहभागिता नरहेको तथा निवेदकले उठाएको सो महाधिवेशनको अवैधानिकताको प्रश्न जायज रहेकोले निवेदकको माग बमोजिमको आदेश जारी हुनुपर्छ भन्ने व्यहोराको बहस गर्नु भयो।

२४. विपक्षी परराष्ट्र मन्त्री, परराष्ट्र सचिव र परराष्ट्र मन्त्रालयको तर्फबाट उपस्थित नेपाल राज्यका महान्यायाधिवक्ताको कार्यालयका विद्वान सह-न्यायाधिवक्ता श्री खेमराज ज्ञवालीले गैर आवसीय नेपाली संघ नामक संघ सो मन्त्रालयमा २०७० सालमा दर्ता तथा नविकरण हुँदै आएको, सो संस्थाको नियमावलीको नियम १२ को उपनियम (३) मा संघ दर्ता भएमा दर्ता प्रमाणपत्र दिंदाका बखत विधानको एक प्रति प्रमाणित गरी निवेदकलाई दिनु पर्ने व्यवस्था रहेको, उक्त कानूनी व्यवस्था बमोजिम परराष्ट्र मन्त्रालयमा दर्ता तथा नविकरण हुँदै आएको सो संघको विधानको दफा २९.२ मा विधानको कुनै दफाहरु संशोधन वा खारेज गर्ने प्रस्ताव पारित भएमा त्यस्तो व्यवस्था परराष्ट्र मन्त्रालयको स्वीकृति तथा प्रमाणीकरण पछि लागू हुनेछ भन्ने व्यवस्था रहे अनुसार मन्त्रालयले स्वीकृति तथा प्रमाणीकरण गरेको अवस्था रहेकाले सो मन्त्रालयलाई यस विषयमा विपक्षी बनाई रिट निवेदन दिनुका कुनै औचित्य नरहेको हुँदा प्रस्तुत रिट खारेज हुनु पर्छ भनी गर्नु भएको बहस समेत सुनियो।

२५. आज निर्णय सुनाउन तारेख तोकिएको प्रस्तुत रिटमा निवेदकको निवेदनपत्र, विपक्षीको लिखितजवाफ, गैर आवासीय नेपाली संघ सम्बद्ध कानून र विधान, यस सम्बन्धमा यस अघि अदालतबाट भएका आदेश तथा निर्णयसहितका फाइल, दुबैपक्षका तर्फबाट पेशभएका लिखित बहस नोट समेत अध्ययन गरी र बहशको क्रममा विद्वान कानून व्यवसायी र सह

न्यायाधिवक्ताले उठाउनु भएका सारगर्भित र शान्दर्भिक बुँदा समेतलाई दृष्टिगत गरी देहायका प्रश्नहरुमा निर्णय दिनुपर्ने देखियो।

(क) गैर आवासीय नेपाली संघको अन्तर्राष्ट्रिय महाधिवेशन गर्ने सम्बन्धमा प्रचलित नेपाल क़ानून र सो संघको बिधानमा के कस्तो व्यवस्था रहेको छ?

(ख) गैर आवासीय नेपाली संघको बिधान अनुसार सम्पन्न हुनुपर्ने दशौं महाधिवेशनका सन्दर्भमा भएका दुई समानान्तर अधिवेशन मध्ये कुन अधिवेशनले मान्यता पाउने हो ?

(ग) निवेदकको माग बमोजिमको आदेश जारी हुनुपर्ने हो, होइन ?

२६. पहिलो प्रश्न तर्फ बिचार गर्दा, नेपालको संविधानको धारा १७ ले संघ संस्था खोल्ने स्वतन्त्रता नेपाली नागरिकलाई मात्र प्रत्याभूत गरेको र संस्था दर्ता ऐन, २०३४ ले सो ऐन अन्तर्गत रही संस्था दर्ता गर्न नेपाली नागरिक हुनुपर्ने व्यवस्था गरेको भएतापनि निवेदक संघ गैर आवासीय नेपाली सम्बन्धी ऐन, २०६४ को दफा १६ ले **"प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि गैर आवासीय नेपालीहरुबीच पारस्परिक सहयोग तथा सद्भाव अभिवृद्धि गर्ने उद्देश्यले गैर आवासीय नेपालीहरुले नेपालभित्र गैर आवासीय नेपाली संघ खोल्न पाउने छन्"** भन्ने व्यवस्था गरेको तथा गैर आवासीय नेपाली सम्बन्धी नियमावली, २०६६ को परिच्छेद ४ बमोजिम गैर आवासीय नेपालीको हैसियतमा नै खोल्न पाइने विशेष प्रकृतिको संस्था रहेको देखिन्छ। गैर आवासीय नेपाली सम्बन्धी ऐन, २०६४ गैर आवासीय नेपालीहरुमा नेपालप्रतिको सामिप्यता अभिवृद्धि गरी त्यस्तो व्यक्तिलाई नेपालको सर्वाङ्गिण बिकासमा सहभागी गराउन उत्प्रेरित गराउने उद्देश्यले जारी भएको देखिँदा गैर आवासीय नेपाली संघको गठनको उद्देश्य पनि सो भन्दा पृथक हुन सक्ने देखिएन।

२७. प्रस्तुत रिट निवेदनमा निवेदकले गैर आवासीय नेपाली संघको अन्तर्राष्ट्रिय महाधिवेशनको वैधानिकताको प्रश्न उठाएको देखिँदा सो सम्बन्धमा गैर आवासीय नेपाली सम्बन्धी ऐन,२०६४ र ऐ को नियमावली, २०६६ तथा सो संघको बिधानमा रहेको व्यवस्था तथा परराष्ट्र मन्त्रालयले सो सम्बन्धमा जारी गरेका निर्देशन समेतलाई अवलोकन गर्नु पर्ने भएकोले ती व्यवस्था यहाँ उल्लेख हुन सान्दर्भिक देखिन्छ।

२८. गैर आवासीय नेपाली सम्बन्धी ऐन, २०६४ को दफा १६ मा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि गैर आवासीय नेपालीहरु बीच पारस्परिक सहयोग तथा सद्भाव

अभिबृद्धि गर्ने उद्देश्यले गैर आवासीय नेपालीहरुले नेपालमा गैर आवासीय नेपाली संघ खोल्न पाउने र सो संघको दर्ता तथा अन्य व्यवस्था तोकिए बमोजिम हुने भन्ने व्यवस्था रहेको छ। सोही ऐनको दफा १८ मा सो ऐनको उद्देश्य कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियमहरु बनाउने भन्ने समेत उल्लेख रहेको छ। सोही अधिकार अन्तर्गत नेपाल सरकारले गैर आवासीय नेपाली सम्बन्धी नियमावली,२०६६ बनाई लागू गरेको पाइन्छ। उक्त नियमाबलीको परिच्छेद ४ अन्तर्गत नियम १२ मा गैर आवासीय नेपाली संघको दर्ता र नविकरण सम्बन्धी व्यवस्था रहेको छ। उक्त संघ परराष्ट्र मन्त्रालयमा दर्ता हुने र प्रत्येक दश वर्षमा नविकरण हुने व्यवस्था समेत सोही नियममा उल्लेख छ। नियम १३ मा संघको साधारण सभा कम्तिमा दुई वर्षमा एकपटक बस्ने गरी बिधानमा व्यवस्था गर्नु पर्ने र अन्य सभा तथा साधारण सभासम्बन्धी व्यवस्था संघको बिधानमा उल्लेख भए बमोजिम हुने व्यवस्था गरी सो नियमावलीले संघको विधानको अन्तर्वस्तुलाई समेत निर्देश गरेको पाइन्छ। गैर आवासीय नेपाली सम्बन्धी नियमावली, २०६६ को उक्त व्यवस्थाले सो संघको विधानलाई अन्य कानूनबमोजिम गठित गैर सरकारी संघ संस्थाको विधानभन्दा पृथक हैसियत प्रदान गरी सो नियमसँग अभिन्न रूपमा आवद्ध गरेको देखन आउँछ। यस अतिरिक्त नियम १६ मा संघको लेखा तथा अन्य कारवाहीको अनुगमन परराष्ट्र मन्त्रालयले गर्ने र अनुगमन गर्दा संघको काम कारवाहीमा कुनै सुधार गर्नुपर्ने देखिएमा आवश्यक निर्देशन दिनसक्ने र सो निर्देशनको पालना गर्नुपर्ने कर्तव्य संघको हुने भन्ने व्यवस्था समेत रहेको देखिएबाट प्रस्तुत विवादको समुचित सम्वोधनका लागि संघको विधानको व्यवस्थालाई समेत हुनुपर्ने हुन आयो।

२९. गैर आवासीय नेपाली संघको विधान,२००३(वि.सं.२०६०) को परिच्छेद ५ अन्तर्गत दफा १३ मा अन्तर्राष्ट्रिय महाधिवेशन सम्बन्धी व्यवस्था रहेको छ। उक्त महाधिवेशनमा राष्ट्रिय समन्वय परिषदबाट पठाइएका प्रतिनिधिहरु, अन्तर्राष्ट्रिय समन्वय परिषदका पदाधिकारीहरु तथा सदस्यहरु, सल्लाहकारहरु, अन्तर्राष्ट्रिय समन्वय परिषदले तोकेबमोजिमका पर्यवेक्षकहरु, मानार्थ र सम्बद्ध सदस्यहरुले भाग लिन पाउने तर पर्यवेक्षकहरु, मानार्थ र सम्बद्ध सदस्यहरुलाई मतदान गर्ने र उम्मेदवारी दिने अधिकार नरहने, अन्तर्राष्ट्रिय महाधिवेशन संघको सर्वोच्च अंग हुने, यो महाधिवेशन कम्तिमा २ वर्षमा एकपटक बस्ने, अन्तर्राष्ट्रिय समन्वय परिषदले आवश्यक देखेमा तोकिएको अन्तर्राष्ट्रिय महाधिवेशनको मितिलाई पछि सार्न वा स्थगित गर्नसक्ने तर यो अवधि छ महिना भन्दा बढी हुन नहुने, सो

महाधिवेशन हुने समय र स्थानको औपचारिक घोषणा अन्तर्राष्ट्रिय महाधिवेशन हुनुभन्दा तीन महिना अगावै गरिनु पर्ने भन्ने व्यवस्थाहरु सो दफामा रहेका छन्।

३०. यसैगरी संघको विधानको दफा १४ मा अन्तर्राष्ट्रिय महाधिवेशन र वार्षिक साधारण सभाका कार्यहरुको बारेमा उल्लेख भएको पाइन्छ। त्यस अन्तर्गत मूलतः संघको साधारण सभा प्रत्येक वर्ष गरिने, अन्तर्राष्ट्रिय महाधिवेशन प्रत्येक दुई वर्षमा गरिने, महाधिवेशन हुने वर्षको साधारण सभा सोही महाधिवेशमा गरिने, अन्तर्राष्ट्रिय महाधिवेशनले अन्तर्राष्ट्रिय समन्वय परिषदका पदाधिकारीहरुको निर्वाचन गर्ने, महाधिवेशन र साधारण सभाका प्रतिनिधिहरु दफा १३.७ मा उल्लेख भएअनुसार हुने, महाधिवेशन नहुने वर्षमा गत महाधिवेशनका प्रतिनिधिहरु नै साधारण सभाका प्रतिनिधि हुने, प्रतिनिधि हुन गैर आवासीय नेपालीको हैसियत कायम रहेको हुनुपर्ने, महाधिवेशन र साधारण सभाको सूचना र छलफलका विषयहरु कम्तिमा एक महिना अघि नै सार्वजनिक हुनुपर्ने, महाधिवेशन तथा साधारण सभामा उस्थिति जनाउने संख्यालाई गणपूरक संख्या मानिने, महाधिवेशन तथा साधारण सभामा अनलाईन अथवा भौतिक रुपमा उपस्थित हुन सकिने समेतका व्यवस्थाहरु देखिन आयो।

३१. अब दोस्रो प्रश्नतर्फ विचार गर्दा, यो प्रश्न गैर आवासीय नेपाली संघको दशौं अन्तर्राष्ट्रिय महाधिवेशन समानान्तररुपमा दुई स्थानमा सम्पन्न भएकोले ती महाधिवेशन उपरोक्त गैर आवासीय नेपाली सम्बन्धी ऐन, नियमावली, विधान, परराष्ट्र मन्त्रालयको निर्देशन र अदालतबाट भएको आदेश अनुकूल रहे, नरहेको सम्बन्धमा विचार हुनुपर्ने अवस्था छ। निवेदकले गैर आवासीय नेपाली संघको मार्च २२-२५,२०२२ (सम्वत् २०७८।१२।८-११। मा होटेल याक एण्ड यतीमा सम्पन्न दशौं महाधिवेशनलाई वैधानिक तवरले सम्पन्न भएको भन्ने दावी लिएको पाइन्छ भने विपक्षीले मिति २०७८।१२।१२ देखि १३ सम्म होटल हिमालय कुपण्डोलमा भएको महाधिवेशन र त्यसले निकालेका निष्कर्षले मान्यता पाउनुपर्ने भनी जिकिर लिएको अवस्था छ।

३२. सो सम्बन्धमा हर्दा नियमित रुपमा हुनुपर्ने संघको १० औं अन्तर्राष्ट्रिय महाधिवेशन र वार्षिक साधारण सभा २०२१ को अक्टोबर २३ देखि २५ सम्म गर्ने भन्ने मिति तय भएकोमा सो महाधिवेशन हुन नसकी संघमा सदस्यता लगायतका विषयमा विवाद उत्पन्न भएकोमा विवाद सुल्झाई महाधिवेशन सम्पन्न गराउने विषयमा गैर आवासीय नेपाली सम्बन्धी नियमावली,२०६६ को नियम १६ मा रहेको अधिकार प्रयोग गरी विपक्षी परराष्ट्र

मन्त्रालयले विपक्षी गैर आवासीय नेपाली संघलाई विभिन्न मितिमा निर्देशन समेत जारी गरेको देखिन्छ। विभिन्न देशहरुमा भएको राष्ट्रिय समन्वय परिषद्हरुको महाधिवेशनमा भएको निर्वाचन आचार संहिता विपरीतका कार्यहरुको यथार्थ विवरण पेश गर्न एवं आगामि दिनहरुमा त्यस्तो घटना हुन नदिन र १० औं महाधिवेशनका पदाधिकारीहरुको निर्वाचन स्वच्छ, धाँधलिरहित, निष्पक्ष र विश्वसनीय बनाउन संघले के कस्तो व्यवस्था गरेको छ ? सो बारेमा समेत विस्तृत जानकारी पत्र चलान भएको मितिले ५ दिन भित्र दिनु हुन भनी परराष्ट्र मन्त्रालयले मिति २०७८।०५।१७ मा संघको अन्तर्राष्ट्रिय समन्वय परिषद्लाई पत्राचार गरेको देखिन्छ। मिति २०७८।०५।२५ मा च.नं. १४१४ को पत्र मार्फत अन्तर्राष्ट्रिय समन्वय परिषद् तथा राष्ट्रिय परिषद्को निर्वाचन सम्बन्धमा १० औं महाधिवेशनमा हुने अन्तर्राष्ट्रिय समन्वय परिषद्को निर्वाचन र सो भन्दा अगाडि भएका राष्ट्रिय समन्वय परिषद्का निर्वाचनहरुलाई स्वतन्त्र, निष्पक्ष, धाँधलीरहित र विश्वसनीय बनाउन आवश्यक रहेको र उत्सर्जित विवादहरुलाई निष्पक्ष निरोपण गर्न अनुगमन समिति गठन गरी उक्त समितिले प्रतिवेदन पेश नगरेसम्म अन्तर्राष्ट्रिय समन्वय परिषद् तथा राष्ट्रिय समन्वय परिषद्को निर्वाचन सम्बन्धी बाँकि प्रक्रिया स्थगन गर्न अन्तर्राष्ट्रिय समन्वय परिषद्लाई अनुरोधार्थ निर्देशन दिएको समेत देखिन्छ। त्यसरी परराष्ट्र मन्त्रालयको संयोजकत्वमा गठित समितिले प्रतिवेदन तयार गरेपछि मन्त्रालयले मिति २०७८।०६।२२ मा च.नं. २१५५ को पत्र मार्फत अन्तर्राष्ट्रिय समन्वय परिषद्लाई नियमावलीको नियम १६ को उपनियम २ बमोजिम संघको विधानको दफा १३(७)(ग) अन्तर्गत चयन हुने ६५ प्रतिशत प्रतिनिधि विधानको व्यवस्था र विगतको प्रचलित अभ्यासानुसार प्रतिनिधि चयन गर्न, संघको विधानको दफा १४.१ को व्यवस्थालाई पूर्ण रुपमा पालना हुने व्यवस्था गर्न, विदेशस्थित शिक्षण संस्थामा अध्ययनरत व्यक्तिलाई पञ्जिकृत सदस्यता दिन नमिल्ने देखिएको व्यवस्था विपरीत त्यस्ता व्यक्तिले पञ्जिकृत सदस्यता लिएको देखिएमा त्यस्तो सदस्यता खारेज गरी त्यस्ता मतदाताबाट भएको राष्ट्रिय समन्वय परिषद्को निर्वाचन उपयुक्त प्रक्रियाबाट छानविन गरी पुनरावलोकन गर्ने व्यवस्था गर्न पुनः निर्देशन दिएको देखिन्छ।

३३. उपरोक्त निर्देशन अनुसारका कार्य सम्पन्न नभई विवाद थप बढ्दै गए पश्चात मिति २०७८।०८।०३ मा च.नं. ३२८५ को पत्रबाट तत्कालीन अन्तर्राष्ट्रिय समन्वय परिषद्को कार्यकाल अक्टोबर १८, २०२१ मा समाप्त भई सकेको हुँदा संस्थामा दुरगामी असर पर्ने कुनै पनि निर्णय नगर्नु नगराउनु, संघको विधानको दफा १३(७) को खण्ड (ग) बमोजिम

चयन हुने ६५ प्रतिशत प्रतिनिधि विगतको प्रचलित अभ्यास अनुसार वर्तमान राष्ट्रिय समन्वय परिषद्ले सिफारिस गरी पठाएका महाधिवेशन प्रतिनिधिलाई मान्यता दिने र हाल संघमा देखिएका विवादहरुको समाधान गरी सन् २०२१ भित्र संघको १० औं अन्तर्राष्ट्रिय महाधिवेशन सम्पन्न गर्ने कार्य विधानको धारा १६ बमोजिम गठित संरक्षक परिषद् मार्फत मात्र गर्नु गराउनु भनी संघको संरक्षक परिषद्को प्रमुख संरक्षकलाई बिधानको धारा १६.१.४ बमोजिमको अधिकारको प्रयोग गर्दै संघमा देखिएको विवादको समाधान गरी संस्थाको संरक्षण गर्नु हुन भनी पुनः निर्देशन दिएकोमा त्यस निर्देशनका उपर तत्कालीन अन्तर्राष्ट्रिय समन्वय परिषदका संयोजकले ०७८-WO-०४७९ को रिट उच्च अदालत पाटनमा दायर गरी सो रिटमा गैर आवासीय नेपाली संघका नाउमा विपक्षी परराष्ट्र मन्त्रालयबाट प्रेषित गरिएका मिति२०७८/६/२२ र मिति २०७८/८/३का पत्रबाट विधान बमोजिम सम्पन्न हुनुपर्ने संघको अन्तर्राष्ट्रिय महाधिवेशनको प्रक्रिया रोकिएको देखिएको, गैर आवासीय नेपाली संघको विधान, २००३ को दफा १३ (२) बमोजिम कार्यावधि समाप्त भएका मितिले छ (६) महिना भित्र अन्तराष्ट्रिय महाधिवेशन गर्न सकिने भनी उल्लेख भएको र सोही विधानको दफा १७(६) अनुरुप बनेको राष्ट्रिय महाधिवेशन सञ्चालन, अन्तराष्ट्रिय महाधिवेशन प्रतिनिधि छनौट तथा राष्ट्रिय समन्वय परिषदको सम्बन्धन सम्बन्धी नियमावली, २०२१ समेत पारित भई सोही अनुरुप निर्वाचनको प्रक्रिया अगाडी बढी अन्तराष्ट्रिय महाधिवेशन डिसेम्बर १९ र २०, २०२१ मा र कार्य समितिको नेतृत्वको लागि डिसेम्बर १५, २०२१ मा निर्वाचन सम्पन्न हुने भनी मिति समेत तोकिएको देखिन्छ। यसैबिच गैर आवासीय नेपाली संघको तर्फबाट दायर रिट नं. ०७८-WO-०४७९ मा उच्च अदालत पाटनबाट मिति २०७८।८।१९ मा परराष्ट्र मन्त्रालयले निर्देशन गरेबमोजिम मिति २०७८।६।२२ र मिति २०७८।८।३ को निर्णय/पत्राचार कार्यान्वयन नगर्नु नगराउनु, महाधिवेशन हुन नरोक्नु भनी बिपक्षीहरुका नाममा उच्च अदालत नियमावली, २०७३ को नियम ४२ बमोजिम अन्तरिम आदेश जारी भएको देखिन्छ।

३४. तत्पश्चात् अन्तर्राष्ट्रिय समन्वय परिषद्को मिति २०७८।१०।०१ को ८१ औं बैठकले संघको १० औं महाधिवेशन तथा अन्तर्राष्ट्रिय महाधिवेशनको निर्वाचन सम्बन्धी सबै समस्याहरुको विधानसम्मत तथा निष्पक्ष ढंगले समाधान गर्ने भनी २८ फेब्रुअरी २०२२ सम्ममा संघको १० औं महाधिवेशन तथा निष्पक्ष चुनाव सम्पन्न गर्न समितिले महाधिवेशन प्रतिनिधिहरुको अन्तिम नामावली संघको विधान र नियमावली अन्तर्गत रहेर २६ जनवरी

२०२२ सम्म अन्तर्राष्ट्रिय समन्वय परिषद्का अध्यक्ष मार्फत निर्वाचन समितिलाई उपलब्ध गराउने कार्यादेशसहित डा.शेष घलेको संयोजकत्वमा डा. उपेन्द्र महतो, जिवा लामिछाने, देवमान हिराचन, भवन भट्ट, राम प्रताप थापा र कुमार पन्त सदस्य रहेको ६ सदस्यीय उच्चस्तरीय समिति गठन भई महाधिवेशनको प्रक्रिया अगाडि बढी मिति २०७८।१२।१० र ११ (२४, २५ मार्च २०२२) लागि निर्वाचन हुने मिति समेत निर्धारण भएको देखिन्छ। यसैबीच चिन्तामणी सापकोटा र उमेश कुमार पुडासैनीले मिति २०७८।१२।१० र ११ का लागि निर्धारित निर्वाचन रोकी पाउन श्री उच्च अदालत पाटनमा मुद्दा नं. ०७८-WO-०९३१ निषेधाज्ञाको निवेदन दायर गरी उक्त निवेदनमा मिति २०७८।१२।७ मा निर्वाचन सम्बन्धी सबै कार्यक्रम" यथावत राख्न अन्तरिम आदेश जारी भएको देखियो। मिति २०७८।१२।११ मा अन्तरिम आदेश निरन्तरता गर्ने नगर्ने दुवै पक्षबीच छलफल हुँदा "निवेदकमध्येका चिन्तामणि सापकोटाले आजै इजलाससमक्ष पेस गरेको निवेदनमा बिवाद समाधान गर्न विधानसम्मत ठोस प्रयास भएको बुझिन आएको र अर्को निवेदक उमेशकुमार पुडासैनी गैर आवासीय नेपाली संघ नामको अलगै संस्थाको निर्वाचनजन्य गतिविधिमा सहभागी भएको भनी सनाखत गरिदिएको हुँदा अन्तरिम आदेश जारी गर्नु परेन" भनी आदेश भएको देखिन्छ। सो पश्चात् मिति २०७८।१२।१२ र १३ गते काठमाडौंस्थित हिमालयन होटलमा संघका महाधिवेशन प्रतिनिधि, परराष्ट्र मन्त्रालयको प्रतिनिधि समेतको उपस्थितिमा गैरआवासीय नेपाली संघको १० औं सम्मेलन सम्पन्न भएको भन्ने देखियो। मिति २०७९।२।१८ मा रिट नं. ०७८-WO-०४७९ तामेलीमा राखिएको देखियो।

३५. विधानले तोकेको समयमा दशौं महाधिवेशन सम्पन्न गराउन नसकेको कारण दशौं महाधिवेशन सम्पन्न गराउने सम्बन्धमा सम्बन्धित निकाय परराष्ट्र मन्त्रालयमा पटक पटक छलफल भई उक्त निर्वाचन सम्पन्न गराउने समेत प्रयोजनका लागि मन्त्रालयले मिति २०७८।६।२२ र २०७८।८।३ का पत्रबाट अन्तर्राष्ट्रिय समन्वय परिषदको संयोजकलाई गैर आवासीय नेपाली संघको विधानको धारा १६.१.४ बमोजिमको अधिकारको प्रयोग गर्दै संघमा देखिएको बिवादको समाधान गरी संस्थाको संरक्षण गर्नु हुन भन्ने बेहोराको पत्र प्रेषित गरिएकोमा उच्च अदालत पाटनबाट मिति २०७८।८।१९ मा ०७८-WO-०४७९ को रिट निवेदनमा मन्त्रालयको उक्त निर्णय तत्काल कार्यान्वयन नगर्नु नगराउनु भनी अन्तरिम आदेश जारी भएको देखिन्छ। उक्त निबेदन मिति २०७९।२।१८ देखि तामेलीमा रहेको छ। स्थापनाकालदेखि एकताबद्द रही सञ्चालन भैआएको गैर

आवासीय नेपाली संघको दशौं महाधिवेशनका लागि विभिन्न मुलुकहरुबाट हुनुपर्ने प्रतिनिधि चयनका विषयमा विवाद उत्पन्न भई विधान बमोजिम हुनुपर्ने समयमा महाधिवेशन सम्पन्न हुन नसकेको तथा सो सम्बन्धमा उत्पन्न विवादको तार्किक र विधानसम्मत समाधान हुन नसकिरहेको अवस्थामा महाधिवेशन प्रतिनिधिले दुई फरक फरक समय र स्थानमा अलग अलग महाधिवेशन गरेबाट प्रस्तुत विवाद सृजना भएको मिसिलबाट देखिन आउँछ।

३६. रिट निवेदकले गैर आवासीय नेपाली संघको मार्च २२-२५,२०२२ (सम्वत् २०७८।१२।८-११) मा सम्पन्न दशौं महाधिवेशनले वैधानिक तवरले आफू संलग्न अन्तर्राष्ट्रिय समन्वय परिषद निर्वाचित गरेकोमा विपक्षीहरुले अवैधानिक तरिकाले छुट्टै महाधिवेशन गरी विधानले तोकेको कार्यविधि अवलम्बन नगरी विधानको संशोधन तथा छुट्टै अन्तर्राष्ट्रिय समन्वय परिषदको घोषणासमेत गरेको र विपक्षी परराष्ट्र मन्त्रालयले सो समितिले गैर कानूनी रुपमा गरेको विधान संशोधनलाई प्रमाणीकरण गरी अन्तर्राष्ट्रिय समन्वय परिषदको निर्वाचनलाई मान्यता प्रदान गरेकोले सो सम्बन्धी विपक्षी मन्त्रालयको मिति २०७८।१२।१३ र मिति २०७९।११।१२ को निर्णय उत्प्रेषणको आदेशले बदर गरी काठमाडौंको होटल याक एण्ड यतीमा मार्च २२-२५,२०२२ मा सम्पन्न महाधिवेशनले गरेको निर्णय तथा सो महाधिवेशनले गरेको अन्तर्राष्ट्रिय समन्वय परिषदलाई आधिकारिकता दिनु दिलाउनु भनी परमादेशसमेत जारी गरी पाऊँ भन्ने निवेदन दाबी लिएको देखिन्छ। सो सम्बन्धमा हेर्दा संघको अन्तर्राष्ट्रिय समन्वय परिषदको मिति २०७८।१०।१(१५ जनवरी, २०२२) को ८१ औं बैठकबाट संघको वर्तमान परिस्थितिलाई निकास दिई संघलाई गैर आवासीय नेपालीको साझा संस्थाको रुपमा स्थापित गर्ने भनी संघको पूर्व अध्यक्ष डा.शेष घलेको संयोजकत्वमा संस्थाको पूर्व अध्यक्षहरुसमेत संलग्न सात सदस्यीय उच्च स्तरीय समिति गठन गरिएको देखिन्छ। उक्त निर्णय गैर आवासीय नेपाली संघको महाधिवेशनका सम्बन्धमा उत्पन्न विवाद तथा अन्यौलको सम्बोधन गर्ने र संघलाई पूर्ववत रुपमा एकताबद्ध रुपमा संचालन गर्नसमेत महत्वपूर्ण प्रस्थान विन्दु हुन सक्नेमा सो समितिले आफूलाई प्राप्त कार्यादेश सम्पन्न गर्न नसकेको भनी महाधिवेशनको प्रकृया शुरु भएको अवस्थामा सदस्यता सम्बन्धी विवाद समाधान नहुँदै निर्वाचन गर्न लागेकोले निर्वाचन रोकी पाऊँ भनी ०७८-wo-०९३१ को रिट निवेदन उच्च अदालत पाटनमा दायर भएको देखिन्छ। उक्त रिटमा उच्च अदालतबाट मिति ०७८।१२।०७ मा तत्काल संघको निर्वाचन सम्बन्धी कुनै काम कारवाही नगर्नु नगराउनु भनी जारी भएको अल्पकालीन

अन्तरिम आदेश मिति ०७८।१२।११ मा मात्र खारेज भएको देखिएको छ। सोही अल्पकालीन अन्तरिम आदेश जारी भै अन्तरिम आदेश खारेज नहुँदाका अवधिका बीच निर्वाचन गरेको देखिंदा सो महाधिवेशन र उक्त महाधिवेशनले निर्वाचित गरेको अन्तर्राष्ट्रिय समन्वय परिषदलाई आधिकारिकता प्रदान गरी पाऊँ भन्ने निवेदन दावी पुग्न सक्ने देखिएन।

३७. अर्कोतर्फ ०७८-WO-०९३१ को रिट निवेदकले अल्पकालिन अन्तरिम आदेश प्राप्त गरेता पनि दुवै पक्षलाई छलफलको निमित्त पेस भएका दिन निवेदक आफूले सनाखत गरी मुद्दा फिर्ता लिई भोलीपल्ट नै विपक्षीहरु समेतका प्रतिनिधिहरु संलग्न भई मिति २०७८।१२।१२-१३ मा होटल हिमालय कुपण्डोलमा समानान्तर रुपमा अर्को महाधिवेशन गरेको देखिन्छ। सोही महाधिवेशनले विधानसमेत संशोधन गरी संशोधित विधान बमोजिम भनी तीन जना अध्यक्ष सहितको अन्तर्राष्ट्रिय समन्वय परिषदको कार्य समिति गठन गरेको भनिएकोमा गैर आवासीय नेपाली सम्बन्धी नियमावली, २०६६ को नियम १३ मा संघको साधारण सभा सम्बन्धी व्यवस्था विधानमा व्यवस्था भए बमोजिम हुने कानूनी प्रावधान रहेको र विधान संशोधनको विधि प्रकृयासमेत विधानले निर्धारण गरेकोमा उक्त महाधिवेशन नै चैत्र १२-१३ मा सम्पन्न भएको भनिएकोमा सो अधिवेशनले रितपूर्वक विधान पारित गरी परराष्ट्र मन्त्रालयले प्रकृयासम्मत हिसावले प्रमाणिकरण गरी उक्त संशोधित विधानअनुसार महाधिवेशन तथा निर्वाचन सम्पन्न गरेको भन्ने मिसिल संलग्न महाधिवेशन सम्बन्धी कागजातबाट देखिन आउँदैन। गैर आवासीय नेपाली संघ सम्बन्धी ऐन नियमले सो संघको विधानलाई नियमसँग सुक्ष्मरूपमा आवद्ध गरी विशेष कानूनी हैसियत प्रदान गरेकोमा विधानबमोजिम महाधिवेशन गर्दा ऐन नियमले तोकेको तथा विधानबमोजिम पूरा गर्नुपर्ने प्रकृयाहरूको पालना गरिनुपर्छ। सारतः उक्त महाधिवेशन सञ्चालन हुँदा एकजना मात्र अध्यक्ष भएको पदाधिकारी रहने कार्यसमिति भएकोमा रितपूर्वक विधान नै संशोधन नगरी तीनजना अध्यक्षलगायतका कार्यसमितिको निर्माण हुनु नै ऐन नियम र विधान प्रतिकूलकताको द्योतक हो। कानूनको शासनमा कुनै पनि व्यक्ति वा समूह कानूनभन्दा माथि रहन सक्दैन। ऐन नियमले विशेष कानूनी हैसियत प्रदान गरेको र नेपाल र देशभित्रका नेपालीले डायस्पोरामा रहेका नेपलीहरू प्रति गरेको विशेष अपेक्षा, आत्मियता र सम्मानको सेतुको रूपमा रहेको उक्त संघले महाधिवेशन तथा निर्वाचनसमेत उक्त नियम कानूनको तथा प्रकृयाको पालना इमान्दरीपूर्वक गर्नुपर्नेमा ऐन नियम तथा विधानको उद्देश्य प्रति समेत

उदासिन भै अक्षरसः पालन गर्नुपर्ने नियम तथा विधानको व्यवस्थालाई अनदेखा गरी हुलदुल र गोलमटोलमा विधान संशोधन तथा सो बमोजिमको निर्णय गरिएको देखिन आउँछ। अधिवेशन चन्दाचल्दै विधान प्रमाणिकरण गरी निर्वाचन गराएको भन्ने विपक्षीहरूको जिकिर नै विधानसम्मत छैन। यसबाट उक्त अधिवेशन डायस्पोरामा रहेका नेपालीहरूबीच पारस्पारिक सहयोग र सद्भाव अभिवृद्धि गर्नका लागि नियमले निर्देश गरेको र संस्थाको विधानले व्यवस्था गरको निर्धारित विधि प्रकृया र कानूनको पालनाभन्दा पनि नेतृत्वको घोषणा गर्नेतर्फ मात्र उद्यत भएको स्पष्ट हुन आउँछ। यसप्रकार विधान प्रमाणीकरण हुनु अगाडि नै अन्तर्राष्ट्रिय समन्वय परिषद गठन गरेको देखिएकोमा विपक्षी मन्त्रालयले सोतर्फ आवश्यक जाँचबुझ नगरी विधान प्रमाणीकरण गरेको कार्यबाट उक्त ऐन र नियमावलीले मन्त्रालयलाई दिएको अख्तियारी जिम्मेवारीपूर्वक र असल नियतले पालना गरेको भन्ने देखिएन। विधान संशोधन सम्बन्धी विपक्षी मन्त्रालयको मिति ०७८।१२।१३ को निर्णय उत्प्रेषणको आदेशले बदर हुने ठहर्छ। उल्लिखित विधान बमोजिम भएको भनिएको महाधिवेशन तथा निर्वाचनले समेत मान्यता प्राप्त गरेको मान्न मिलेन।

३८. अब तेस्रो प्रश्नतर्फ विचार गर्दा यस प्रकार उल्लिखित दुबै महाधिवेशनबाट गरिएको भनिएको गैर आवासीय नेपाली संघको अधिवेशन, निर्वाचन तथा विधान संशोधन सम्बन्धी काम कारवाही गैर आवासीय नेपाली संघसम्बन्धी ऐन, नियम एवम् गैर आवासीय नेपाली समुदायको आदर्श र मूल्य मान्यता तथा गैर आवासीय नेपालीहरुबीच पारस्परिक सहयोग र सद्भाव अभिबृद्धिको मर्म, भावना र हित विपरीत समेत देखिँदा संघको गरिमा, एकता, उद्देश्य र प्रभावकारीतालाई नकारात्मक प्रभाव पर्नबाट जोगाउन उपयुक्त आदेश जारी हुनुपर्ने देखियो।

३९. सोको लागि गैर आवासीय नेपाली संघको उल्लिखित महाधिवेशन पूर्व मिति २०७८।१०।०१ मा आयोजित अन्तर्राष्ट्रिय समन्वय परिषदको ८१ औं बैठकले **"गैर आवासीय नेपाली संघको वर्तमान परिस्थितिमा निकास दिनुको साथै संघमा आपसी एकता र भाईचारा कायम राख्दै वास्तविक अर्थमा सम्पूर्ण गैर आवासीय नेपालीहरुको साझा संस्थाका रुपमा स्थापित गर्न"** भनी **संघमा उत्पन्न सम्पूर्ण गतिरोधमा निकास दिने र संघलाई एकताबद्ध र गरिमायुक्त बनाई लैजाने उद्देश्यका लागि संघका पूर्व अध्यक्ष डा.शेष घले, डा.उपेन्द्र महतो, श्री जीवा लामिछाने, श्री देवमान हिराचन, श्री भवन भट्ट, श्रीराम प्रताप थापा र श्री कुमारप्रसाद पन्तलगायतका संघलाई जन्माउन र पहिचान दिलाउन महत्वपूर्ण भूमिका**

निर्बाह गरेका व्यक्तिहरु संलग्न एक उच्च स्तरीय समिति गठन भएको, सो समिति गठन गर्ने सम्बन्धमा कुनै विवादसमेत भएको नदेखिएकाले सो विन्दुसम्म उक्त संघ बिधि, विधान, नियम र प्रकृयासम्मत तरिकाले ऐनको उद्देश्यअनुरूप गैर आवासीय नेपालीहरूको पारस्पारिक सहयोग र सद्भाव अभिवृद्धि गर्ने उद्देश्यले साझा मञ्चको रूपमा रही आएको भनी मान्नुपर्ने र सो मिति पश्चात् उक्त संघमा कानूनले निर्देश गरेबमोजिमको विधि प्रकृया तथा संस्थाको आधारभूत उद्देश्य र मूल्य मान्यता समेत प्रतिकूलका काम कारवाई तथा निर्णय भए गरेको देखिन आएकाले सोही मितिको निर्णयमा आधारित भई गैर आवासीय नेपाली संघको मर्म र उद्देश्य अनुरुप संघको सदस्यता, महाधिवेशन प्रतिनिधि छनोट, निर्वाचन वा अधिवेशन आयोजना गर्ने सम्बन्धी निर्णय गर्न उपयुक्त देखिएकाले देहायबमोजिम गर्नु गराउनु भनी विपक्षी परराष्ट्र मन्त्रालयको नाउँमा यो आदेश जारी गरिएको छ:-

क. संघको अन्तर्राष्ट्रिय समन्वय परिषदको मिति ०७८।१०।०१ मा सम्पन्न ८१ औं बैठकले गठन गरेको उच्च स्तरीय समितिलाई यथावत् कायम राख्ने,

ख. उक्त समितिमा रिट निवेदकले दावी गरेको गैर आवासीय नेपाली संघको अन्तर्राष्ट्रिय समन्वय परिषद भनिएको समितिको अध्यक्ष, उपाध्यक्ष र महासचिव क्रमशः विनोद कुंवर, उमेश कुमार पुडासैनी र जानकी गुरुङ तथा होटेल हिमालयबाट गठन गरिएको भनिएको समितिमा अध्यक्ष रहेको भनी दावी गरिएका कुल आचार्य, डा.बद्री के.सी. र रविना थापासमेत जम्मा ६ जना सदस्य थप गर्ने,

ग. उक्त समितिले यो आदेशको पूर्णपाठ प्राप्त भएको ३० दिनभित्र पहिलो बैठक बसी सो को ६ महिनाभित्र संघको सदस्यता, निर्वाचन तथा अधिवेशन प्रतिनिधि छनौट लगायत सम्बद्ध सम्पूर्ण बिवादको समाधान गरी एकतापूर्ण महाधिवेशन गर्ने गराउने.समितिको संयोजकले कुनै कारण देखाई समितिमा बस्न असमर्थता जनाएमा संघको अन्तर्राष्ट्रिय समन्वय परिषदको मिति ०७८।१०।०१ मा सम्पन्न ८१ औं बैठकले गठन गरेको समितिमा रहेको नामावली मध्ये क्रमानुसार दोस्रो व्यक्ति अर्थात उपेन्द्र महतो वा निजले पनि असमर्थता जनाएमा तेस्रो व्यक्ति अर्थात जिवा लामिछाने र एवम् रितले बैठकको संयोजक भई काम गर्ने गराउने,

घ. समितिले निर्णय गर्दा बहुमतका आधारमा निर्णय गर्ने र कुनै विषयमा मत बराबर भएमा संयोजकले निर्णायक मत दिन सक्ने,

ङ. अन्य कार्यविधि समितिले आफै निर्धारण गर्ने,

च. यो समितिले आफ्नो भूमिका जिम्मेवारीपूर्वक निर्वाह गर्ने कुरामा यो इजलासले विश्वास लिएको छ।

छ. संघ सम्बद्ध सम्पूर्ण विवादको समाधान गरी तोकिएको समयमा अधिवेशन सम्पन्न गर्ने सुनिश्चितताका लागि समितिको काममा सहजिकरण गर्न नेपाल सरकारले नेपाल न्याय सेवाको राजपत्रांकित प्रथम श्रेणीको अधिकृतलाई तोक्ने।

ज. विपक्षी परराष्ट्र मन्त्रालयले उल्लिखित कार्यका लागि आवश्यक समन्वय, सहयोग र सहजिकरण गर्ने।

४०. प्रस्तुत आदेशको कार्यान्वयनका लागि आदेशको प्रतिलिपिसहितको जानकारी नेपाल राज्यका महान्यायाधिवक्ताको कार्यालय मार्फत विपक्षी परराष्ट्र मन्त्रालयमा पठाई दिनू। प्रस्तुत आदेशको विद्युतीय प्रति अदालतको मुद्दा व्यवस्थापन सफ्टवेयरमा अपलोड गरी निवेदनपत्रसहितको मिसिल नियमानुसार गरी यस अदालतको अभिलेख शाखामा बुझाई दिनू।

सपना प्रधान मल्ल
**न्यायाधीश**

उक्त रायमा म सहमत छु।

टहकुल सुवेदी
**न्यायाधीश**

इजलास अधिकृत (उपसचिव) अमृता कुमारी शर्मा
कम्प्युटर अपरेटर:- चन्द्रावती तिमल्सेना
ईति सम्वत् २०८० चैत्र २१ गते रोज ४ शुभम् ------------------------------------।